# अतिरिक्त क्रियाकलापले शिक्षण सिकाइमा ल्याएको परिवर्तन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन
विभाग स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको आंशिक
आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

**शोधपत्र**


**शोधकर्ता**

राजेन्द्र खनाल

क्याम्पस क्रमांक : ८९/२०६८

परीक्षा क्रमांक : २०४००७१/२०७०

त्रि.वि दर्ता नं. : ९-२-२०४-१५६-२००८

कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका ३, सुरूङ्गा, झापा


२०७४/सन् २०१७

त्रि.वि.बाट सम्बन्धन प्राप्त
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्था. : २०४७
०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :..............................

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम एड द्वितीय वर्षका परीक्षा क्रमाङ्क २०४००७१/२०७० का छात्र राजेन्द्र खनालले मेरो प्रत्यक्ष निर्देशनमा अतिरिक्त, क्रियाकलापले शिक्षण सिकाइमा ल्याएको परिवर्तन शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु

मिति १७ डिसेम्बर २०१७

(योन्देन सुनुवार)
शोध निर्देशक

त्रि.वि.बाट सम्बन्धन प्राप्त
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्था. २०४७
☎ ०२३-५५०१५३
Fax. ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :.............................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम एड द्वितीय वर्षका परीक्षा क्रमाङ्क २०४००७१/२०७० का छात्र राजेन्द्र खनालले **अतिरिक्त क्रियाकलापले शिक्षण सिकाइमा ल्याएको परिवर्तन** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

| नाम र पद | हस्ताक्षर |
|---|---|
| १ उप-प्रा आशा शर्मा सिवाकोटी<br>विभागीय प्रमुख | |
| २. योन्देन सुनुवार<br>शोध निर्देशक | |
| ३ प्रा.डा हेमराज ढकाल<br>बाह्य परीक्षक | |

मिति २ जनवरी २०१८

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको शोध लेखन विषयको आवाश्यकता पूरा गर्न **सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलाप व्यवस्थापन** शीर्षकमा यो शोधपत्र तयार पारिएको छ ।

यो शोधपत्र तयार गर्नमा आफ्नु व्यवहारिक एबम अध्यापन कार्यको बाबजुद शुरूदेखि अन्त्यसम्म सदभावपूर्ण ढंगले मार्ग निर्देशन र सल्लाह सुझाव प्रदान गर्नुहुने शोध निर्देशक कनकाई बहुमुखी क्याम्पस, सुरुंगा, झापाका सहायक प्राध्यापक योन्देन सुनुवारज्यूप्रति सर्वप्रथम म हार्दिक कृतज्ञता व्यक्त गर्दछु । मेरो अध्ययनको समयमा मलाई अभिमुखिकरणदेखि आवश्यकता अनुसार सरसल्लाह र सुझाव प्रदान गरी यो कार्यलाई निरन्तरता दिन हौसला र प्रोत्साहन गर्नु हुने ई.पि.एम. विभागका विभागिय प्रमुख उप-प्राध्याकपक आशा शर्मा शिवाकोटी, उप-प्राध्यापक ठाकुर प्रसाद रसाईली, सहायक प्राध्यापक मोहन प्रसाद ओली तथा सहायक प्राध्यापक श्री गोपीकृष्ण भट्टराई प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यसैगरी मलाई हमेशा यस कार्यप्रति प्रोत्साहन गर्नु हुने अंग्रेजी विभागका उप-प्राध्यापक तिर्थ राज खरेल प्रति कृतज्ञ छु । यस शोध कार्यमा आवश्यक सूचना तथा तथ्यांक उपलब्ध गराई सहयोग गर्नुहुने अध्ययन क्षेत्रका नमुना विद्यालयहरुका प्रधानाध्यापक, फोकल शिक्षक, अभिभावक, स्रोत व्यक्ति, समितिका पदाधिकारी तथा विद्यार्थीहरु लगायत सबै महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोध कार्यलाई टाइपिंग र सेटिंग गरी सहयोग पुर्याउनु हुने दीपक खतिवडा सर, चेतन रिजाल सर एबम मेरी बहिनी पूजा खनालप्रति कृतज्ञ छु । त्यसैगरी यो अनुसन्धानलाई भाषा सम्पादनमा सहयोग पुर्याउनु हुने कनकाई माध्यामिक विद्यालयका शिक्षक श्री चन्द्रमणि हुमागाईंलाई पनि म विशेष धन्यवाद दिन चाहन्छु । अन्त्यमा मेरो यस शोध कार्यमा चासो राखी हरपल सहयोग गर्ने मेरी जीवन संगीनी, परिवारप्रति एबम मित्रजन सबैप्रति कृतज्ञ हुदै हार्दिक धन्यवाद दिदै यो शोधपत्र सम्बन्धित सबै सरोकारवालाहरुलाई उपयोगी हुने कुरामा समेत मैले विश्वास लिएको छु ।

राजेन्द्र खनाल

# शोधसार

प्रस्तुत शोधपत्र **अतिरिक्त क्रियाकलापले शिक्षण सिकाइमा ल्याएको परिवर्तन** शीर्षक माथि तयार गरिएको छ। यसको मुख्य उद्देश्य अतिरिक्त क्रियाकलापले शिक्षण सिकाई ल्याएको परिवर्तन पत्ता लगाउनु हो।

यो अध्ययनमा गुणात्मक पक्ष धेरै र परिमाणात्मक पक्ष पनि केही मात्रामा रहेको हुनाले यो अध्ययन मिश्रित किसिमको रहेको छ। यसैले यो अध्ययन यसै ढाचाको आधारमा प्राप्त सूचनालाई ब्याख्या र विश्लेषण गरी निष्कर्ष निकाल्नमा केन्द्रित रहेको छ। यो अध्ययनलाई अगाडि बढाउन प्रश्नावली, अन्तर्वार्ता प्रश्नावली, अवलोकन फारम आदि साधनहरुको प्रयोग भएका छ। यस अध्ययनका क्रममा प्राथमिक स्रोतभित्र आफै उपस्थित भएर विद्यालयका प्रधानाध्यापक, फोकल शिक्षक तथा स्रोत व्यक्ति संग अन्तर्वार्ता र अन्तर्वार्ता प्रश्नावलीको माध्यम मार्फत सूचना लिइएको छ भने दितीय स्रोत अन्तर्गत विद्यालयका अभिलेख, मुखपत्र तथा विविध शोध ग्रन्थलाई आधार मानिएको छ। यो अध्ययन गर्नका लागि दुर्गापुर स्रोत केन्द्रका १७ वटा विद्यालय मध्ये ६ वटा विद्यालयलाई नमूना छनौटमा राखिएको छ भने छनौटको आधारमा परेका व्यक्तिहरुलाई उत्तरदाताको रुपमा लिइएको छ। यस अध्ययनमा उत्तरदाताबाट प्राप्त सूचना तथा तथ्यांकलाई आवश्यकता अनुसार व्याख्या र विश्लेषण गरिएको छ। यस अध्ययनलाई सार्थक बनाउनका लागि एफ. डब्लू. टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्दान्तलाई प्रयोग गरिएको छ। यस अध्ययनमा स्रोत केन्द्र, प्रधानाध्यापक र शिक्षकलाई उदेश्यमूलक नमूना छनौट विधि, विध्यार्थी र अभिभावकलाई सम्भावानायुक्त नमूना छनौट विधिको प्रयोग गरी प्राप्त नातिजालई उद्देश्यका आधारमा गुणात्मक ढाँचामै विश्लेषण गरिएको छ।

सामुदायिक विद्यालयहरुमा वर्तमान अवस्थामा आतिरिक्त क्रियाकलाप त्यति फस्टाएको पाइएन। सबै विद्यालयहरुले धेर थोर यसको सञ्चालन र व्यवस्थापनमा प्रयास गरे पनि उनीहरु अहिले खासै सफल हुन नसकेकै पाइयो। विद्यालयहरुले जे जाति गर्न सकेका छन त्यसबाट पनि राम्रै नतीजा निकाल्न सकेको पाइएको छ किनभने विद्यालयमा सञ्चालन भएका अतिरिक्त क्रियाकलापले विद्यार्थीहरुको शारीरिक, मानसिक, सामजिक विकासम राम्रो भूमिका खेल्न सकेको कुरा अध्ययनको क्रममा पाइएको छ। प्रायः सबै विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप सञ्चालनले विध्यार्थी, शिक्षक र विद्यालय वातावरणमा सकारात्मक प्रभावनै पारेको पाइएको छ। सामुदायिक विद्यालयहरु आर्थिक रुपमा पछाडि पर्नु, पर्याप्त खेल मैदान नहुनु, खेल सामाग्रीहरु पर्याप्त नहुनु, अतिरिक्त क्रियाकलापको लागि छुट्टै र तालीम प्राप्त शिक्षक नहुनु आदि अतिरिक्त क्रियाकलाप सञ्चालनका समस्याका रुपमा अध्ययनको क्रममा पाइएको छ। यसर्थ नीतिगत तह, कार्यान्वयन तह र अनुसन्धान तहले आ-आफ्नु ठाउबाट तालीम प्राप्त शिक्षकको व्यवस्था गर्ने, खेल मैदानको व्यवस्था गर्ने, अतिरिक्त क्रियाकलापलाई एउटा विशिष्ट शिक्षाको रुपमा स्थापना गर्ने, विद्यालयमा पर्याप्त खेल सामाग्रीको बन्दोबस्त गर्ने जस्ता कार्य गर्न सके अबको अतिरिक्त क्रियाकलापको भविष्य उज्वल रहेको छ।

# विषय सूची


| शीर्षक | पृष्ठ संख्या |
|---|---|
| सिफारिस पत्र | |
| स्वीकृति पत्र | |
| कृतज्ञता ज्ञापन | |
| शोधसार | |
| विषय सूची | |
| तालिका सूची | |
| **परिच्छेद एक : परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको औचित्य | ६ |
| १.४ अध्ययनका उद्देश्यहरु | ७ |
| १.५ अनुसन्धनात्मक प्रश्नहरु | ७ |
| १.६ अध्ययनको परिसीमा | ८ |
| १.७ सम्बन्धित शब्दावलीहरुको परिभाषा | ९ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** | |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १० |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | १६ |
| २.३ अध्ययनको पुनरावलोकनको उपादेयता | १७ |
| **परिच्छेद तीन : अध्ययन विधि** | |
| ३.१ अनुसन्धानको ढाँचा | २० |
| ३.२ जनसंख्या र नमूनाको आकार | २० |
| ३.३ सुचना संकलनका साधनहरु | २१ |

३.३.१ प्रश्नावली २१

३.३.२ सवेक्षण फाराम २१

३.३.४ अन्तवार्ता प्रश्नावली २२

३.४ सुचनाका स्रोतहरु २२

३.५ सुचना संकलन प्रक्रिया २२

३.६ तथ्यांक विश्लेषण प्रक्रिया २३

**परिच्छेद चार : नतिजाको विश्लेषण**

४.१ विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापहरुको वर्तमान अवस्था २४

४.१.१ अतिरिक्त क्रियाकलाप सञ्चालन अवधि २६

४.१.२ अतिरिक्त क्रियाकलाप सञ्चालन विधि २७

४.१.३ अतिरिक्त क्रियाकलाप सञ्चालनले शिक्षण सिकाइमा गरेको सहयोग २८

४.२ अतिरिक्त क्रियाकलापका लागि उपलब्ध सुविधाहरु २९

(क) अतिरिक्त क्रियाकलापमा अभिभावक तथा सरोकारवाला सहयोग २९

(ख) विध्यालयमा उपलब्ध अतिरिक्त क्रियाकलाप सामाग्रीहरु ३०

(ग) अतिरिक्त क्रियाकलापमा आर्थिक स्रोतको व्यवस्थापन ३१

(घ) अतिरिक्त क्रियाकलाप प्रतियोगितामा विद्यालयको सहभागिता ३१

४.३ अतिरिक्त क्रियाकलाप सञ्चालनले विद्यालय विद्याथी, शिक्षक र वातावरणमा पारेको प्रभाव ३२

४.३.१ अतिरिक्त क्रियाकलापले विद्यार्थीमा पारेको प्रभाव ३३

४.३.२ अतिरिक्त क्रियाकलापले शिक्षकमा पारेको प्रभाव ३३

४.३.३ अतिरिक्त क्रियाकलापले विद्यालय वातावरणमा पारेको प्रभाव ३४

४.४ अतिरिक्त क्रियाकलापमा देखा परेका समस्याहरु ३४

४.४.१ दक्ष र तालीम प्राप्त शिक्षकको अभाव तथा चुनौतीहरु ३४

४.४.२ खेल मैदानको अभाव ३४

४.४.३ आर्थिक स्रोतको अभाव र सामाग्रीहरुको अपर्याप्तता ३५

४.४.४ अतिरिक्त क्रियाकलापको सञ्चालनमा उत्सुकताको कमी ३५

४.४.५ सम्बन्धित निकायको उदासीनता ३६

४.४.६ समयको व्यवस्थापन हुन नसक्नु ३६

४.४ अतिरिक्त क्रियाकलाप सञ्चालनमा देखिएका समस्या समाधानका उपायहरू ३६

४.४.१ अतिरिक्त क्रियाकलापका लागि दक्ष र तालीमप्राप्त शिक्षकको व्यवस्था गर्ने ३७

४.४.२ खेल मैदानको व्यवस्थापन गर्ने ३७

४.४.३ आर्थिक स्रोत र सामाग्रीको व्यवस्थापन गर्ने ३७

४.४.४ अतिरिक्त क्रियाकलापको उत्सुकतामा अभिवृद्धि गर्ने ३८

४.४.५ कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउने ३८

४.३.६ विद्यालय प्रशासन र व्यवस्थापनलाई अझ जिम्मेवारी बनाउने ३८

**परिच्छेद पाँच निष्कर्ष र सुझावहरु**

५.१ निष्कर्ष ४०

५.२ सुझावहरु ४२

५.२.१ नीतिगत तह ४२

५.२.२ कार्यान्वयन तह ४३

५.२.३ अनुसन्धान तह ४४

**सन्दर्भ सूची**

**अनुसूचीहरु**

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षाले कुनै पनि व्यक्तिलाई आफ्नो आदर्श अनुसार निश्चित लक्ष्य प्राप्त गर्ने एवम् व्यवहार परिवर्तन गर्नका साथै समय अनुसार समाजमा समायोजन हुन महत्वपुर्ण भूमिका खेल्छ । शिक्षाकै माध्यमबाट नै प्रत्येक व्यक्तिका अन्तर्निहित क्षमताको प्रस्फुटन हुनगई उसको सर्वांगीण विकास हुने र सामाजिक मुल्य मान्यता अनुरूप व्यक्तित्व विकास गर्ने कार्यमा समेत औपचारिक पाठ्यक्रम अभिन्न अंगको रुपमा रहन्छ तथापि यो पर्याप्त भने हुँदैन । औपचारिक पाठ्यक्रमको घेराबाराभित्र कायम रहने पठन पाठनले मात्र व्यक्तिको विकासलाई समेट्न सक्दैन । यसर्थ व्यक्तिको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकास उपयुक्त ढंगमा होस् भन्नका लागि औपचारिक सैद्धान्तिक ज्ञानको अलावा उनीहरुलाई विभिन्न रचनात्मक र सृजनात्मक क्रियाकलापमा समेत सामेल गराउनु पर्ने हुन्छ, जसलाई अतिरिक्त क्रियाकलाप भनिन्छ ।

विश्वका विकसित देशहरुमा अतिरिक्त क्रियाकलाप अन्तर्गत खेलकुद, संगीत, अभिनय जस्ता विषयवस्तुलाई अगाडि सारेर जीवन यापनको अभिन्न अंग नै बनाएका छन् भने हाम्रो देशमा यही कुरालाई राम्रोसंग बुझ्न र बुझाउन समेत सकिएको छैन । नेपालको शैक्षिक इतिहासलाई हेर्ने हो भने वैदिक कालमा आश्रममा दिइने गुरुकुल शिक्षा, बौद्ध विहार र गुम्बामा दिइने बौद्ध शिक्षा संगठित थिएनन् । पछि राणा शासनको सुरुवात अर्थात वि.सं. (१९१०) सालमा दरवार स्कुलको स्थापना भएपछि औपचारिक रुपमा अंग्रेजी माध्यममा नेपालमै पठनपाठन शुरू भएपछि शिक्षाले संगठित रूप लिएको थियो । जसमा सिमित व्यक्तिहरुको मात्र पहुँच थियो ।

देशमा प्रजातन्त्रको उदय भएपछि शिक्षालाई सर्वसाधारणको पहुँचमा पुऱ्याउन र बढ्दो जनकांक्षालाई सम्बोधन गर्न नेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०११ को सुझाव र त्यसपछि सर्वांगीण राष्ट्रिय शिक्षा समिति २०१८ को सुझाव नै नेपाली शिक्षा क्षेत्रको सुदूर भविष्य दिग्दर्शन गराउने कोसेढुंगा सावित भएका छन् तथापि यस अवधिमा यो क्षेत्रमा अतिरिक्त क्रियाकलापलाई खासै वास्ता गरिएको थिएन । पछि २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु भएपछि मात्र देशभर उस्तै शिक्षा लागु गर्ने र शिक्षामा अतिरिक्त

क्रियाकलापलाई पनि एउटा अभिन्न अंगको रुपमा स्वीकार गरी विधिवत सुरुवात गरेको पाइन्छ (काफ्ले,२०६१)।

अहिले अतिरिक्त क्रियाकलापलाई पाठ्यक्रममा नै समेट्ने प्रयास गरिएको छ तथापि यसलाई स्पष्ट रुपमा बुझ्न र बुझाउन सकिएको छैन । पाठ्यक्रम के हो भन्ने बारेमा कोही पनि शिक्षाविद् एकमत छैनन् । सबैले आ-आफ्नै किसिमका परिभाषा दिएका छन् । शिक्षाशास्त्री क्रो र क्रो का अनुसार "पाठ्यक्रमलाई एउटा कार्यक्रममा समाबेस गरिएका सम्पूर्ण सिकाइ अनुभवहरुलाई पाठ्यक्रम भनिन्छ, जसको निर्माण सिकारुको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, अध्यात्मिक र नैतिक विकासका लागि गरिएको हुन्छ ।" वास्तबमा अबको पाठ्यक्रम जीवनोपयोगी हुनुपर्दछ अनि मात्र यसले हाम्रा समस्याहरुको समाधान गरेर सहज जीवन यापन गर्न मद्दत गर्दछ । अबको पाठ्यक्रमले सिकारुको जीवनका क्रियाकलापहरुसंग सरोकार राख्नु पर्दछ । जीवनमा उपयोगी नहुने व्यर्थको सिकाइलाई अबको पाठ्यक्रमले प्रोत्साहित गर्नु हुदैन । विगतको भन्दा वर्तमानको जीवनलाई गुणस्तरीय बनाउदै समृद्द जीवन व्यतित गर्न भविष्यका लागि पाठ्यक्रमले सिकारुलाई तयार गर्नु पर्दछ । जस्तैः विद्यार्थीलाई गणितीय ज्ञान प्रदान गर्दा उनीहरुको जीवनमा उपयोगी नहुने गणितका विभिन्न सूत्रहरु र सिद्धान्तहरु अध्यापन गराएर काम छैन तर शिक्षा यस्तो होस् जसले सिकारुको घरमा, उनीहरु बस्ने समाजमा, उनीहरु किनमेल गर्ने बजार आदिको बारेमा जानकारी गराउन अबको पाठ्यक्रम सक्षम हनुपर्दछ तवमात्र उक्त पाठ्यक्रम जीवनपयोगी र सान्दर्भिक हुनसक्छ (निउरे,२०६९) ।

विद्यालयलाई अतिरिक्त क्रियाकलाप प्रदायक सस्थाको रुपमा लिएको छ । अतिरिक्त क्रियाकलापले कक्षा कोठाभन्दा बाहिरी वातावरणमा विध्यार्थीहरुको खेल, कला, वादविवाद, संगीत जस्ता शारीरिक र मानसिक विकासका पक्षलाई अझ ससक्त बनाउनमा भूमिका खेल्छ । त्यस्ता थोरै विद्यालयहरु छन् जसले विद्यालयमा अतिरिक्त कुरा सिकाएर अभिभावकसंग अरितिक्त शुल्क लिने गरेका छन् । कतिपय विद्यालयहरुले अतिरिक्त क्रियाकलापको नाममा प्राथमिक विद्यालयका नानीहरुलाई कम्प्युटर फी लीनु हास्यास्पद कुरा हो । तर विद्यालयहरुमा सही अनुगमनलाई तीब्रता दिनु पर्ने कुरामा जोड दिनु पर्छ । यसको आसय के पनि रहेको छ भने सही कामका लागि अभिभावकहरु लगानी गर्ने कुरामा समेत पछि हट्दैनन् तर गलत हुनु हुँदैन ।

निजी विद्यालयमा प्रदान गरिएका यस्ता क्रियाकलापसंग विद्यार्थीहरु खुशी छन् जहाँ खेलकुद, नृत्य, संगीत, कला, हाजिरीजवाफ, वादविवाद, भाषण, उद्धघोषण, व्यक्तित्व विकास आदि सिकाउने गरिन्छ तर यही काम सामुदायिक विद्यालयमा हुन नसक्दा त्यहाँका प्रतिभाहरु पछाडि पर्दै गएका छन्, निष्कर्षमा उनको विचार छ । समग्रमा यसले सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलापको अनिवार्यतामा जोड दिन्छ ।

विद्यालय भित्र र बाहिर गरिने सम्पूर्ण क्रियाकलापहरु नै पाठ्यक्रम हो । एउटा बालकले ५ वर्षबाट विद्यालय शिक्षा प्रारम्भ गर्दछ र करिब १७/१८ वर्षसम्म नै विद्यालयमा रहन्छ । यो उसको उमेर भनेको पाठ्यपुस्तकको ज्ञान हाँसिल गर्ने मात्र नभएर कतिपय जीवनपायोगी सीप पनि सिक्ने उमेर हो । जुन विद्यालयमा सिकाउनु पर्ने र सिकाउन सकिने अतिरिक्त क्रियाकलापबाट सम्भव छ । अबका बालक स्वतन्त्र रुपमा समाजमा योग्य अर्थात गरिखान सक्ने भएर जिउनका लागि सैद्धान्तिक शिक्षाको अलावा कसरत, व्यायाम, योगा, पौडी, कुस्ती, खेलकूद, संगीत, विविध सास्कृतिक र साहित्यिक कार्यक्रमहरु ( नृत्य, गायन, अभिनय, कविता बाचन, कथा लेखन, निबन्ध लेखन ) को पनि संगसगै ज्ञान दिन जरुरी छ । अबको परिवर्तित र आधुनिक समयमा समाज सुहाउँदो शिक्षा दिन सकिएन भने शैक्षिक बेरोजगारको संख्या बढेर जान्छ ।

विद्यार्थीको रूचि र चाहानालाई ध्यान दिएर शिक्षा दिने तरिकामा सुधार गर्नु पनि आजको आवश्यकता हो । अतिरिक्त क्रियाकलापको माध्यमबाट विद्यार्थीहरुको प्रतिभा पहिचान गर्न सकिन्छ जसले गर्दा उनीहरु क्षेत्रीय, जिल्ला हुदै देश र विदेशमा पनि आफ्नु प्रतिभाको कारण नाम र दाम कमाउन सक्दछन् । यसैले उनीहरुको जीवनमा औपचारिक क्रियाकलापको सम्भावनाले यु टर्न ल्याइदिन सक्दछ र जीवन यापनको भरपर्दी माध्यम बन्न सक्दछ । यसका लागि विद्यालयले अतिरिक्त क्रियाकलापलाई विद्यालयमा नियमितता दिनु पर्दछ  (अतिरिक्त क्रियाकलाप स्रोत पुस्तिका, २०६० ) ।

शिक्षा नियमावली २०५० (संसोधन सहित) को परिच्छेद १४ को नियम ७६ मा अतिरिक्त क्रियाकलाप संचालन गर्नुपर्ने व्यवस्था गरिएको छ जसमा निम्न कुरा भनिएको छ :

अतिरिक्त क्रियाकलापले विद्यार्थीहरुमा सृजनात्मक क्षमता वृद्धि गर्ने, राष्ट्रीयताप्रति सचेत गराउने, मनोरन्जन तथा सांस्कृतिक कलाप्रति अभिरुचि बढाउने आदि कुरामा प्रेरित गर्नु पर्दछ, त्यसैगरी विद्यार्थीहरुको शारीरिक तथा मानसिक विकासमा सहयोग पुर्याउने,

सामाजिक सेवा तथा वातावरण संरक्षणका लागि प्रेरित गर्नुका साथै चित्रकला, वक्तृत्वकला, हाजिरीजवाफ, हिज्जे प्रतियोगिता, साहित्यिक साँस्कृतिक गतिविधि, अभिनय आदि जीवन उपयोगी सिप समेत अतिरिक्त क्रियाकलापले सिकाउन सक्नु पर्दछ ।

यस प्रकार शिक्षा नियमावलीमा अतिरिक्त क्रियाकलाप वारे स्पष्ट व्यवस्था गरिनुले यसबाट विद्यार्थीहरुको शारीरिक, मानसिक, संवेगात्मक र सामजिक विकासमा मद्दत पुग्ने अपेक्षा गरिए तापनि विद्यालयमा हुने विविध समस्याका कारण आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन । यस्तो अवस्थामा सुधार ल्याउन विद्यालयले अतिरिक्त क्रियाकलापको व्यवस्थापनमा सुधार ल्याउनुको विकल्प छैन । नेपालमै पनि अहिलेको आधुनिक पाठ्यक्रमले अतिरिक्त क्रियाकलापलाई अनिवार्य पठन-पाठनको सामग्री बनाए तापनि विविध कारणले गर्दा यसले गति लिन सकेको छैन । अझ सामुदायिक विद्यालयमा त विविध बहानामा यसको अवस्था नाजुक रहेको छ । यसै सन्दर्भमा अतिरिक्त क्रियाकलापले शिक्षण सिकाईमा के कस्तो परिवर्तन ल्याएको छ भन्ने अवस्थाबारे खोजी गर्न यो अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

अहिलेको युगमा विद्यार्थीहरुलाई पठनपाठनको सन्दर्भमा केवल सैद्धान्तिक ज्ञान मात्र दिएर उनीहरुको चौतर्फी विकास हुन सक्दैन । किताबी ज्ञान हासिल गरेर मानिस वकील, प्राध्यापक, शिक्षक, डाक्डर, पाइलट आदि बन्न सक्दछ भने अतिरिक्त क्रियाकलापहरुबाट पनि मानिसले अन्तराष्ट्रिय ख्याति कमाउनुका साथै आफुलाई शारीरिक र मानसिक रुपमा स्फूर्त राखी आर्थिक रुपमा सबल बन्न सक्दछ । विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापमा संलग्न गराउन सके उनीहरुको व्यक्तित्व विकासमा यसले रचानात्मक भूमिका खेल्दछ, जसले गर्दा पछि गएर उनीहरुमा नेतृत्व गर्ने क्षमता, अनुशासित हुने कला, इमान्दारिता र स्वावलम्बी जीवन यापनका अनिवार्य विशेषताहरु हासिल हुन सक्छन् । एउटा राम्रो नृत्य तथा अभिनय गरेर देखाउन सक्ने व्यक्ति आज आय आर्जनको क्षेत्रमा एउटा डाक्टर, प्राध्यापक भन्दा कम छैन भने उसले कमाएको ख्याति त झन असीमित छ । यी सबै कुराको आधार भनेको विद्यालयले नै प्रदान गर्ने हो किनभने यस्ता सिपहरु विद्यालय उमेरबाट नै शुरू हुने गर्दछन् ।

अतिरिक्त क्रियाकलाप शिक्षाको अति आवश्यकीय विषयवस्तु हुँदाहुँदै पनि विद्यालय तहमा यो अन्य विषयवस्तुसंग संगै हिड्न सकिरहेको छैन, जसका कारण अहिले पनि यो पछि

परिरहेको विषय बनेको छ । यो सबैको चिन्तनको विषय पनि हो । शिक्षा ऐन र नियमावली अनुसार चलेका सामुदायिक विद्यालयहरुमा पाठ्यक्रमको अभिन्न अंगको रुपमा रहेको अतिरिक्त क्रियाकलाप सञ्चालन र व्यवस्थापन कस्तो छ भन्ने पक्षलाई यहाँ समस्याको रुपमा उठान गरिएको छ ।

वेरोजगारी, अझ शैक्षिक वेरोजगारी बढ्दै गरेको अहिलेको अवस्थामा सिपमूलक शिक्षाको खाँचो छ र यसको समाधान विद्यालयमा अतिरिक्त क्रियाकलापको सक्रियता पनि हो भन्ने कुरा बुझ्न र बुझाउन नसक्दा हामी अल्मलिएका छौं । मुख्यतः यो नै हाम्रो शैक्षिक समस्या हो । आज खेलकूदको क्षेत्रमा, संगीतको क्षेत्रमा, अभिनयको क्षेत्रमा, कला र साहित्यको क्षेत्रमा नाम र दाम कामाउने धेरै मान्छे छन् जसलाई हेरेरै पनि हामी भन्न सक्दछौ कि विद्यालयले प्रदान गर्ने अतिरिक्त क्रियाकलापको एक मौकाले कुनै पनि विध्यार्थीको जीवनले नयाँ रंग फेर्ने छ उसको जीवनमा व्यक्तित्व विकास गरी आर्थिक हैसियत उकास्ने कोसेढुंगा सावित हुनेछ ।

सामुदायिक विद्यालयमा भएका आर्थिक लगायतका मानवीय स्रोत, खेल मैदान, खेल सामग्री, समन्वयको कमी, मौसमको प्रतिकूलता, अनुगमनको शिथिलता, शिक्षकको अभाव, सांगीतिक सामग्रीको अभाव आदिको कारणले अतिरिक्त क्रियाकलाप नियमित ह'न सकिरहेका छैनन् । एउटा विद्यालयमा २००० भन्दा माथि विद्यार्थी रहेका छन्, जसमा विविध प्रतिभाका धेरै सम्भावना वोकेका नानीहरु पनि हुन सक्दछन् जसलाई अतिरिक्त क्रियाकलापले प्रतिभा प्रस्फुटन गर्ने राम्रो अवसर दिन सक्दछ तर त्यसको व्यवस्थापनमा पनि उत्तिकै चुनौति पनि रहेको छ । यदि यी विद्यालयहरुमा स्रोत व्यवस्थापनको माध्यमले अतिरिक्त क्रियाकलापलाई नियमित गराउन सकेमा शिक्षा क्षेत्रले प्रगतिको फड्को मार्ने कुरामा दुईमत छैन ।

अहिलेसम्म सामुदायिक विद्यालयमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलाप सम्बन्धी खोज अनुसन्धान कम हुनु तथा यसको व्यवस्थापन सही ढंगले हुन नसकेको तथ्य बाहिर आइसके पनि यसको समाधानका निम्ति खासै पहल नहुनु नै यसलाई समस्याको रुपमा उठाइएको छ । अतिरिक्त क्रियाकलाप सम्बन्धी ऐन नियम बनिए, सामुदायिक विद्यालयमा तालिम प्राप्त शिक्षकहरु छन्, पाठ्यक्रममा विषय शिक्षकको व्यवस्था पनि छ, विद्यार्थीहरुमा रुचि र चाहना पनि छ । यति हुँदा हुँदै पनि केही विद्यालय बाहेक अधिकांश सामुदायिक विद्यालयहरुमा किन अतिरिक्त क्रियाकलाप अव्यवस्थित छ ? व्यवस्थित गर्न प्रयासरत रहने

विद्यालयहरुमा कसरी व्यवस्थापनको पहल गरिएको छ ? आदि कुराहरुको विश्लेषण गर्न यो अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षा प्राप्त गर्नु सम्पूर्ण बालबालिकाहरुको मौलिक अधिकार हो भने हरेक बालबालिकालाई समान शिक्षा उपलब्ध गराउनु राज्यको दायित्व हो । शिक्षा ऐन र नियमावलीले अतिरिक्त क्रियाकलापलाई विद्यालयको नियमित पठनपाठनको एक अभिन्न अंगको रुपमा स्वीकारेको परिप्रेक्ष्यमा यस अध्ययनले सामुदायिक विद्यालयहरुमा अतिरिक्त क्रियाकलापको के कसरी सञ्चालन र व्यवस्थापन हुने गरेको छ भन्ने कुरालाई सुसुचित एवम् सार्वजनिक गराउँदछ । त्यसैगरी सामुदायिक विद्यालयहरुमा सञ्चालन हुँदै आएका अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम र यसको अवस्थालाई यहाँबाट स्पष्ट पारेसंगै यसलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्न सहयोग पुग्नेछ ।

यस खोजका निष्कर्षद्वारा सामुदायिक विद्यालयहरुलाई अतिरिक्त क्रियाकलाप सम्बन्धी राम्रा अनुभवहरु आदानप्रदान गराउँनका साथै विद्यार्थीहरुलाई पनि कार्यक्रममा सहभागी हुन अभिप्रेरित गर्नका साथै उनीहरुमा आत्मविश्वास जगाउँन प्रेरणा प्रदान गर्नेछ । यसका साथसाथै बदलिंदो परिवेश र वातावरणमा शिक्षा दिने नयाँ पद्धति बसाल्न यो अध्ययनले महत्वपूर्ण भरुमिका खेल्न सक्षम सावित हुनेछ । यस कारण यो अध्ययन विशेष गरेर सामुदायिक विद्यालयका अतिरिक्त क्रियाकलापको सञ्चालनमा देखापरेका समस्याहरुको सहज समाधान गर्न, विद्यालय, शिक्षक, विद्यार्थी, शैक्षिक नियम तथा यससँग सरोकार राख्ने सम्पूर्ण निकायका लागि स्रोत र सहयोगी बन्न सक्ने छ भन्ने उक्त विद्यालयका विद्यार्थीहरुको सिकाइमा अतिरिक्त सहयोगी सिद्ध समेत हुनेछ ।

अतिरिक्त क्रियाकलापको आवश्यकता, यसको सञ्चालन तथा व्यवस्थापनको बारेमा अहिलेसम्म अत्यन्त कम अनुसन्धान भएको भेटियो । यो विषय अहिलेको समयमा जल्दोबल्दो र अवश्यक रहेकोले र हामीमा यस कुराको महत्व अत्यन्त थोरै रहेको हुदा हाम्रो शिक्षण सिकाई क्रियाकलापलाई अझ व्यवस्थित रुपमा सञ्चालन गर्न र गराउन सहयोग पुगोस भन्ने उदेश्यकले यस विषयमा अनुसन्धान गर्ने प्रयास गरिएको हो । अतिरिक्त

क्रियाकलापको क्षेत्रमा स्थानीय स्तरका सामुदायिक विद्यालयहरुको स्तरलाई उन्नत बनाउन सहयोग गर्न सके यो अनुसन्धानको औचित्य पुष्टि भएको मान्न सकिने छ ।

## १.४ अध्ययनका उद्देश्यहरु

यस अध्ययनका उद्देश्यहरू निम्न अनुसार रहेका छन् :

१. सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालनको वर्तमान अवस्था पहिचान गर्नु,

२. अतिरिक्त क्रियाकलापले शिक्षण सिकाईमा ल्याएको परिवर्तन पत्ता लगाउनु ,

३. अतिरिक्त क्रियाकलाप सञ्चालनले विद्यार्थी, शिक्षक र विद्यालय वातावरणमा पारेको प्रभाव विश्लेषण गर्नु,

४. अतिरिक्त क्रियाकलापको सञ्चालनमा देखा परेका समस्याहरु पहिचान गरी समाधानका उपायहरु खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अनुसन्धान कार्यमा निम्न प्रश्नहरुलाई अनुसन्धनात्मक प्रश्नको रुपमा उठाइएको छ :

१. सामुदायिक विद्यालयहरुमा कुन-कुन अतिरिक्त क्रियाकलाप कार्यक्रमहरु सञ्चालन हुने गरेका छन् ?

२. अतिरिक्त क्रियाकपलाई शिक्षण सिकाइमा के कस्तो सहयोग पुर्याएको छ ?

३. विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालनल विद्यार्थी, शिक्षक र विद्यालय वातावरणमा कस्तो प्रभाव पारेको छ ?

४. विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालनमा के कस्ता समस्या र चुनौतिहरू देखा परेका छन् ?

५. विद्यालयमा प्रभावकारी रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि के कस्ता कदमहरु चाल्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

निश्चित उद्देश्य प्राप्तिका लागि गरिएको यो अध्ययनलाई झापा जिल्लाका १७ वटा स्रोत केन्द्र मध्ये स्रोत, साधन र समयको पावन्दीका कारण दुर्गापुर स्रोत केन्द्र भित्रका सामुदायिक विद्यालयहरु भित्र मात्र यो अध्ययनलाई सिमित गरिएको छ। उक्त सामुदायिक विद्यालय भित्र पनि ३ वटा माध्यमिक र ३ वटा आधारभूत विद्यालयलाई मात्र यस अध्ययनको निम्ति छनोट गरिएको छ। ती विद्यालयहरुका सर्वपक्षिय अध्ययन सम्भव नहुने हुँदा विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापको सञ्चालन सम्बन्धि समस्यालाई मात्र यस अध्ययनको विषय वस्तु बनाइएको छ। यसमा शैक्षिक सत्र २०७३ मा सञ्चालित अतिरिक्त क्रियाकलाप कार्यक्रमहरुको गतिविधिलाई समेटी अध्ययन गरिएको छ।

विद्यालायाका अतिरिक्त क्रियाकलाप सञ्चालनको बारेमा समग्रमा खोज गर्न सम्भब नहुने हुदा यस अनुसन्धानमा केवल सामुदायिक विध्यालयहरुमा सञ्चालित अतिरिक्त क्रियाकलापको व्यवस्थापनलाई अध्ययनको केन्द्र बनाई अन्य विद्यालयहरुका लागि सान्यीकरण गर्ने प्रयास गरिएको छ । यस अनुसन्धानमा प्रयोग गरिएका साधनहरुको वैधता परिक्षण गरिएको छैन। तथ्यांक संकलन गर्ने क्रममा प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यार्थी, स्रोत व्यक्ति, अभिभावक र अतिरिक्त क्रियाकलाप सम्बन्धी फोकल शिक्षकलाई यस अध्ययनमा संलग्न गरिएको छ। यो अध्ययन सामदुायिक विद्यालयको अतिरिक्त क्रियाकलापको वर्तमान सञ्चालनको वास्तविक अवस्थाको उजागर गर्दै अतिरिक्त क्रियाकलाप सञ्चालनमा देखिएका समस्याहरु तिनका समाधान गर्ने उपायहरूमा मात्र केन्द्रित रहेको छ । यो अध्ययनले सामुायिक विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप सञ्चालनको क्षेत्रमा सकारात्मक भूमिका निर्वाहको लागि सहयोग पुऱ्याउन सक्ने छ। यस अध्ययनको निष्कर्षका लागि सिमित क्षेत्रलाई आधार बनाइए तापनि यो अध्ययनको शीर्षकले झापा जिल्लाका सामुदायिक विद्यालयका सञ्चालित अतिरिक्त क्रियाकलाप सञ्चालनको अवस्थासँग सामान्यीकरण हुन सक्छ।

## १.७ सम्बन्धित शब्दावलीहरुको परिभाषा

यस अनुसन्धानमा प्रयोग गरिएका शब्दावलीहरुलाई निम्नानुसार परिभाषित गरिएको छ :

सामुदायिक विद्यालय : शिक्षा नियमावली अनुसार सरकारी अनुदान वा सहयोग प्राप्त गर्ने विद्यालय ।

स्रोतकेन्द्र : कुनै निश्चित क्षेत्रमा रहेका विद्यालयहरु बीच समन्वय गर्न तोकिएको केन्द्र .

पाठ्यक्रम : शिक्षाको उद्देश्य हासिल गर्न पाठ्यक्रम विकास केन्द्र, भक्तपुरद्वारा विस्तृत दस्तावेज ।

अतिरिक्त क्रियाकलाप : विद्यालयमा नियमित पठनपाठनको अलावा विद्यार्थीहरुलाई गराइने विविध क्रियाकलापजन्य गतिविधि ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अध्ययन आफैंमा एक अति आवश्यक साधन हो जसले अनुसन्धानलाई जीवन्त बनाउने काम गर्दछ । यसले अनुसन्धान गर्न लागिएको विषयमा यो भन्दा अगाडि के कस्ता र कति अध्ययनहरु भए, कस्तो ज्ञानको उत्पादन भयो भन्ने पहिल्याउन तथा आफ्नु अध्ययनको आधारशीला निर्माण गर्न सान्दर्भिक पूर्वसाहित्यहरुको समीक्षा गरिन्छ । साहित्य समीक्षाले अनुसन्धानको सैद्धान्तिक धरातल निर्माण गर्ने गर्दछ जसले कुन सैद्धान्तिक दृष्टिकोणबाट समस्याको खोजी, व्याख्या र विश्लेषण गरिदै छ भन्ने कुरासंग पूर्व कार्यको आध्ययनले औचित्य र महत्व राख्दछ । त्यसैले पूर्व अध्ययनको समीक्षाले सम्बन्धित अनुसन्धानको आधार विन्दु उपलब्ध गराउने कार्य गर्दछ । अरुले गरेका कार्यहरुको समीक्षाले अध्ययनको आवाश्यकतालाई परिपूर्ति गर्दै त्यसको  महत्वलाई पनि उजागर गर्ने गर्दछ  ।

अतिरिक्त क्रियाकलापको सञ्चालन अब सबैको निम्ति उत्तिकै जरुरी छ भन्ने कुरा स्पष्ट भै सकेको छ तर यसलाई विश्वमा के कसरी लिइएको छ भन्ने कुरा बुझ्न पनि आवश्यक छ । अन्तराष्ट्रीय रुपमा अतिरिक्त क्रियाकलापलाई विद्यार्थीले कक्षा कोठा भन्दा बाहिर गर्ने सम्पूर्ण क्रियाकलाप भन्ने बुझिन्छ । यसले विद्यार्थीहरुको क्लब, खेलकूद समूह,स्वयंसेवक दल आदि रहेर त्यस्ता कार्यक्रम सञ्चालन गर्न सक्दछन । अन्तराष्ट्रीय स्तरमा साँस्कृतिक अभिभाज्यताका लागि, सामाजिकीकारण सहज बनाउनका लागि, आफ्नु छुट्ट पहिचान बनाउनका लागि, गरी खाने बाटो निर्माणका लागि लगायत विद्यार्थीको अतिरिक्त क्षमता विकासका लागि अतिरिक्त क्रियाकलापलाई विद्यार्थीको सिकाई उपलाब्धिमा समेल गराइएको पाइयो । अझ अतिरिक्त क्रियाकलापले विद्यार्थीहरुमा नेतृत्वकलाको विकास, खेलकूदमा दक्षता, शैक्षिक एवं पेशागत विकास, सेवादायी भावानाको विकास, बहुसांस्कृतिक भावनाको विकास, कला तथा साहित्यिक क्षमताको विकास आदि कार्यका लागि पनि अन्तराष्ट्रीय क्षेत्रमा अतिरिक्त क्रियाकलापको सञ्चालनलाई अनिबार्य ठानिएको पाइएको छ ।

त्यसैगरी कलेज शिक्षामा समेत यसलाई महत्वपूर्ण ठान्दै यसका विविध फाइदाहरु उल्लेख गरिएको छ । यसले प्राज्ञिक प्रस्तुतिलाई अझ बढाएर लान्छ, समय व्यवस्थापन गर्ने कलाको विकास गर्छ, नयाँ सिकाई र त्यसको प्रयोगमा जोड दिन्छ, प्रतिवद्धताको भावनालाई

बढाउनमा सहयोग पुर्याउछ, जिम्मेवार व्यक्ति निर्माणमा सहयोग पुर्याउदछ । नयाँ साथी निर्माणमा सहयोग गर्छ, नयाँ गतिविधिमा संलग्न गराउदछ, नयाँ-नयाँ अवसरहरुलाई प्राप्त गर्ने मौका मिल्दछ ।

यदि उदाहरणको रुपमा इंग्लैंडको अतिरिक्त क्रियाकलाप प्रणाली हेर्ने हो भने एकदमै राम्रो रहेको छ । त्यहा विद्यार्थीलाई खेलकूदका अतिरिक्त कक्षाहरु सञ्चालन गरिन्छ । प्रायः स्कुलहरुमा सांगीतिक कक्षा हुने गर्दछ जसमा प्राक्टिसको लागि पुस्तकालय, स्टुडीयो आदि हुने गर्दछन । कसैलाई अतिरिक्त क्रियाकलाप अनिवार्य नगरिए तापनि हरेक विध्यार्थीले सहभागी हुने वातावरण भने विद्यालयमा रहेको हुन्छ । यहाँ कलेजमा भर्ना हुनका लागि समेत अतिरिक्त क्रियाकलापमा राम्रो दखल भएको विद्यार्थीलाई प्रथामिकतामा राख्ने गरिन्छ ।

क्षेत्रीय स्तरमा अथवा सार्क देशहरुमा समेत विध्यालय शिक्षामा अतिरिक्त क्रियाकलापलाई सामेल गरी सञ्चालन गरेको पाइन्छ । प्रायस् सबै देशका विध्यालयहरुले संगीत, खेलकूद, कला साहित्य, अभिनय जस्ता कुरालाई विशेषतः पाठ्यक्रमका अतिरिक्त विषयवस्तुको रुपमा अध्ययन गराउने गरेका छन । सार्क मुलुक भित्रका मुस्लीम देशहरु मध्ये पाकिस्तानले समेत अतिरिक्त क्रियाकलापलाई प्रथामिकतामा राखेको छ । खास गरेर मुस्लिम देशहरुका अभिभावकहरु आफ्ना नानीहरूलाई त्यस्ता बाह्य गतिविधिमा सामेल हुन भन्ने चाहदैनन । त्यो सब गर्नु भनेको समयको वर्वादी र वेकार हो भन्ने उनीहरुको तर्क छ तथापि वदलिएको समय र यसको माग संगसंगै विस्तारै मुस्लिम देशहरुका अभिभावकहरु समेत आफै यो सोचबाट बाहिर आउदै छन ।

सामान्यतया कक्षा कोठा भन्दा बाहिर सञ्चालन गरिने हरेक गतिविधिहरु अतिरिक्त क्रियाकलाप हुन । यस्ता गतिविधिहरु तल्लो कक्षादेखि माथिल्लो कालेज तहसम्म नै अनिवार्य गतिविधिको रुपमा लान सकिन्छ । आज विद्यालय तहमा सिकाइएका फुटबल, भलिबल, बेसबाल, क्रिकेट, नाटक, संगीत, कला, अभिनय तथा अन्य सम्पूर्ण गतिविधिको माध्यमबाट भोली हरेक विद्यार्थीले त्यसलाई करियर विकासको राम्रो माध्यम बनाउन सक्दछ भन्ने कुरा अब पाकिस्तान लगायतका हरेक मुस्लिम देशहरुले पनि बुझी सकेका छन ।

उदाहरणको रुपमा भारतीय पाठ्यक्रमलाई पनि हेरौ । भारतीय पाठ्यक्रमले विद्यार्थीको सर्वोपरि विकास जस्तै सामाजिक,मानसिक,शारीरिक, आत्मिक र भावनात्मक विकास गर्ने माध्यमको रुपमा लिएको छ । यसर्थ अतिरिक्त क्रियाकलापलाई भारतीय पाठ्यक्रमले विद्यार्थीहरुको प्राज्ञिक क्षमता बढाउन र शिक्षाको लक्ष हासिल गरी सम्पूर्ण अवसरहरुको खोजी गर्ने, सामूहिक कार्य गर्ने, नैतिकवान नागरिक निर्माण गर्ने, नेतृत्व विकास गर्ने अतिरिक्त माध्यमको रुपमा लिएको छ । यस्ता अतिरिक्त क्रियाकलापलाई इलिमेन्टरी तह देखि उच्च शिक्षासम्म नै लागु गर्दै जाने लक्ष भारतीय पाठ्यक्रमले लिएको छ ।

नेपालको सन्दर्भमा अतिरक्त क्रियाकलापलाई लगातार रुपमा विद्यालय या कालेज भित्र र बाहिर सञ्चालन गर्ने गतिविधि वुझिन्छ । विविध खेलकूद, हाजिरिजवाफ, हिज्जे प्रतियोगिता, कविता बाचन, गायन, नृत्य, कला, संगीत, भाषण, उद्घोषण, अभिनय, समूह कार्य, सामाजिक कार्य आदिलाई अतिरिक्त क्रियाकलापको रुपमा लिने गरिन्छ । नेपालका प्राय: सबै विद्यालयहरु अब अतिरिक्त क्रियाकलाप पनि शिक्षण सिकाईको अंग हुन है भन्ने कुरामा सचेत बनि सकेका छन । उदाहरणको रुपमा दीप ज्योती विद्यालयको अतिरिक्त क्रियाकलाप कार्यक्रमलाई हामी उदाहरणको रुपमा लिन सक्दछौ । यस विध्यालयले फुटबल क्लब,भलिबल क्लब, क्रिकेट क्लब, चेस क्लब, टेनिस क्लब, बास्केटबल क्लब, संगीत क्लब, नृत्य क्लब, कला र साहित्य क्लब जस्ता क्लबहरुको सञ्चालन गरेर अतिरिक्त क्रियाकलापलाई प्रभावकारी ढंगमा अगाडि बढाएको छ ।

विशेष गरेर नेपालका सामुदायिक विद्यालयहरुको स्थिति अतिरिक्त क्रियाकलापको क्षेत्रमा के कस्तो रहेको छ त ? के सामुदायिक विद्यालयमा सञ्चालित सबै अतिरिक्त क्रियाकलाका कार्यक्रमहरु प्रभावकारी रहेका छन ? जस्ता कुराहरुको खोजी गरी त्यसका निराकरण गर्ने सक्दो प्रयासकालागि यो अध्ययन गरिएको छ ।

यस अध्ययनको विषयवस्तुसँग सान्दर्भिक नेपाली शोधकर्ताहरुका शोध साहित्यहरु लगायत केही सामग्रीहरु इन्टरनेटबाट समेत लिएर अध्ययन गरी तिनीहरुका निष्कर्ष र सुझावहरुलाई उल्लेख गरिएको छ, जसले यो अध्ययनलाई अझ सशक्त र प्रभावकारी बनाउने प्रयास गरेका छन ।

ढुंगाना (२०६२) को एक अध्ययन अनुसार निजी र सामुदायिक विद्यालयका नानीहरू र अतिरिक्त क्रियाकलापको तुलनात्मक अध्ययन गर्दा निजीकै नानीहरुको अनुशासन र अतिरिक्त क्रियाकलापको अवस्था संतोषजनक रहेको तथा निजीमा नै यस्ता अतिरिक्त क्रियाकलापमा विद्यार्थीहरुको सहभागिता बढी रहेको निष्कर्ष निकालेका छ । उनले यस शोधमा सामुदायिक विद्यालयले अतिरिक्त क्रियाकलापको अवस्थापनलाई अझ व्यवस्थित गराउनु पर्ने, विद्यार्थीहरुको सहभागिता बढाउनु पर्ने र योजना अनुरुप कार्यक्रमहरु गर्नु पर्ने कुरा सुझावको रुपमा उठाएका छन् ।

खतिवडा (२०७२) ले आफ्नो शोधमा सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलापको अनिवार्यता माथि जोड दिदै विद्यार्थीहरुको चौतर्फी विकासमा ठूलो टेवा पुऱ्याउने कुरा उल्लेख गरेका छन् । सामुदायिक विध्यालयमा तालीमप्राप्त शिक्षकको अभाव, आर्थिक स्रोत साधनको अभाव, खेल मैदानको अभाव, पर्याप्त समयको अभाव, समन्वयको कमी, सम्बन्धित निकायको उदासीनता तथा अन्य आवश्यक सामग्रीहरुको अभावका कारण अतिरिक्त क्रियाकलाप सहजै सम्पन्न हुन नसकेको कुरालाई सामुदायिक विद्यलयमा अतिरिक्त क्रियाकलाप सञ्चालनमा देखिएका समास्याहरुको रुपमा उठान गरेका छन । अतिरिक्त क्रियाकलापलाई प्रभावकारी रुपमा सम्पन्न गर्नको लागि दक्ष शिक्षकको नियुक्ति, खेल मैदानको पर्याप्तता, आर्थिक स्रोत तथा साधनको उपलब्धता, सामग्रीहरुको पर्याप्त व्यवस्थापन, कार्यान्वयन र समय व्यवस्थापन प्रभावकारी ढंगले लागु हुनुपर्ने तथा सरोकारवालाहरुको चासो आदि हुनु पर्ने कुरालाई उनले सुझावको रुपमा पेश गरेका छन् ।

भट्ट (२०६४) को एक अनुसन्धान अनुसार प्राथमिक तहका निजी तथा सरकारी सामुदायिक दुबै किसिमका विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप सञ्चालन हुने गरे पनि निजी विद्यालयहरुमा बढी मात्रामा त्यस्ता कार्यक्रमहरु सिस्टममा सञ्चालन हुने तर सामुदायिक विद्यालयमा प्रणालीगत सञ्चालनको अभाव रहेको निष्कर्ष निकालेका छन् । उनले साम'दायिक विद्यालयमा स्रोतसाधनको कमी, आर्थिक समस्या र सम्बन्धित पक्षको उदासीनताकै कारण अतिरिक्त क्रियाकलाप पछि परेको कुरालाई समस्याको रुपमा निष्कर्ष निकालेका छन् । उनले साम'दायिक विद्यालयमा अभिभावकको चासो बढ्नु पर्ने, आर्थिक सहयोग जुट्नु पर्ने, विद्यालयमा समन्वय र सहकार्य हुनु पर्ने कुरालाई सुझावको रुपमा पेश गरेका छन् ।

जोशी (२०६७) का अनुसार विद्यालयको पाठ्यक्रमको अभिन्न अंगको रुपमा रहेको अतिरिक्त क्रियाकलापको नियमित सञ्चालन नभएको, अतिरिक्त क्रियाकलापको अर्थ जस्तै विद्यालयले यसलाई पाठ्यक्रम भन्दा अलग्गै हेर्ने गरेको र यसले प्राथामिकता पाउन नसकेको भन्ने कुरा यसका समस्याका रुपमा उठान गरेका छन् । उनले सामुदायिक  विद्यालयहरुका अतिरिक्त क्रियाकलापलाई सुधार गर्न प्र.अ., शिक्षक, अभिभावक, व्यवस्थापन समिति र विध्यार्थीहरु बीच आपसमा छलफल, अन्तर्क्रिया, भेटघाट र बिचारको आदान-प्रदान गर्दै असल सञ्चार सम्बन्ध समेत स्थापना गरी अतिरिक्त क्रियाकलाप सञ्चालन र नियमनलाई अझ प्रभावकारी बनाउनु पर्ने कुरा सुझावको रुपमा उल्लेख गरेका छन् ।

फर्मेटिभ अनुसन्धान परियोजना (२०६१)को अध्ययन अनुसार सामुदायिक तर्फका प्राथमिक विद्यालयहरु आर्थिक आभावको कारण, अभिभावकहरुको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्था निम्न ह'नाको कारण, अपर्याप्त शिक्षकहरुको कारण, सीपयुक्त तथा तालीमप्राप्त शिक्षकहरुको अभावका कारण, सह-क्रियाकलाप तथा अतिरिक्त क्रियाकलापको ज्ञानको अभावको कारण  एवम् प्रयोगात्मक पक्षसम्बन्धी अवधारणाको अष्पष्टताका कारण, पेशाप्रतिको प्रतिवद्दताको कमी आदिका कारणले यस्ता क्रियाकलापमा पछि परेका हुन् भन्ने निष्कर्ष निकालिएको छ । यहाँ सह तथा अतिरिक्त क्रियाकलापलाई ऐच्छिक कार्यक्रमका सट्टा विद्यालयको अनिवार्य र अभिन्न अंगका रुपमा कार्यान्वयन गर्नु पर्ने, खेलकुद तथा अतिरिक्त क्रियाकलापका लागि स्वतन्त्र शिक्षकको दरबन्दी तथा नियुक्ति अनिवार्य गराउनु पर्ने, सह तथा अन्य अतिरिक्त क्रियाकलापका विविध कार्यक्रम सञ्चालनद्वारा प्रत्येक विद्यार्थीको सहभागिता अनिवार्य गराउनु पर्ने सुझाव समेत दिइएको छ ।

सेरिड (२०६१) ले तयार गरेको प्रतिवेदनमा विद्यार्थीलाई आवश्यक अनुभवहरु विभिन्न तरिकाले दिने गरिन्छ । कक्षा कोठाको पुस्तकीय ज्ञान संगै सह-क्रियाकलाप र अतिरिक्त क्रियाकलापमा विध्यार्थीहरुलाई सहभागी गराउनु पर्ने कुरामा शिक्षाविदहरु सहमत देखिएका छन् । अब प्राय : पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित परीक्षाले मात्र विद्यार्थीहरुमा भएका सिर्जनात्मक एवम् अन्तर्निहित प्रतिभाको मूल्याङ्कन गर्न असम्भव हुन्छ । नीतिगत रुपमा विद्यालयको सह-क्रियाकलाप र अतिरिक्त क्रियाकलापलाई विद्यालय शिक्षाको अभिन्न अंग बनाइए पनि यथार्थमा विभिन्न कारणले सञ्चालनमा बाधा आएको देखिन्छ ।

नेपालका प्राथमिक विद्यालयका अतिरिक्त क्रियाकलापको वर्तमान अवस्था तथा यस सम्बन्धी समस्याहरु पत्ता लगाउने उद्देश्यले गरिएको यस अध्ययनमा नेपालका हिमाली, पहाडी, र तराईका जिललाहरुको प्रतिनिधित्व हुने गरी मुस्ताङ्ग, कास्की र मोरङ्ग जिल्लाका ४/४ वटा गरी जम्मा १२ वटा विद्यालयहरु नमूनाका रुपमा छनोट गरिएका थिए लक्षित समूहबाट जानकारी प्राप्त गर्न ३/३ सेट सर्वेक्षण फारम र प्रश्नावली निर्माण गरी प्र.अ., शिक्षक, व्यवथापन समिति, अभिभावक, स्रोत व्यक्तिसंग सामूहिक छलफल, अन्तक्रिया आदिबाट सूचना संकलन तथा विश्लेषण गरी निष्कर्ष निकालिएको थियो ।

यस अध्ययनमा विद्यालयहरुले योजना विनानै आंशिक रुपमा क्रियाकलाप सञ्चालन गर्ने गरेको अधिकांश विद्यालयको कमजोर आर्थिक अवस्था रहेको, अतिरिक्त क्रियाकलापको छुट्टै शिक्षकको दरबन्दी नरहेको, सीपयुक्त तथा तालीम प्राप्त शिक्षकको कमी रहेको, अत्याधिक कक्षा शिक्षण भार रहेको, व्यवस्थापन समिति र अभिभावकको चासो सामुदायिक विद्यालयमा कम रहेको एवम् विद्यालयका प्र.अ. र व्यवस्थापन समिति बीचको समन्वयको अभाव रहेको आदि समस्याहरु बाहिर ल्याएको छ ।

सामुदायिक विध्यालयहरु अतिरिक्त क्रियाकलापको सञ्चालनका लागि विविध दृष्टिकोणबाट कमजोर रहेका छन भन्ने कुरा बिभिन्न अनुसन्धानकर्ताका सनुसन्धानबाट नै थाहा हुन आयो प्रायः सबै अनुसन्धानमा समस्या अत्याधिक देखाइएको छ । अन्य विकसित मुलुकहरुमा चुनौती भन्दा पनि अवसरको रुपमा यो अतिरिक्त क्रियाकलापलाई लिइएको पाइयो भने हाम्रो देशका सामुदायिक विध्यालयहरु यसको महत्व बुभ्दा बुभ्दै पनि यसलाई दिल खोलेर सञ्चालन गर्न सकिरहेका छैनन । भन्ने निष्कर्ष माथिका साहित्यहरुको अध्ययनबाट पाइएको छ, हुन पनि हाम्रा विध्यालयका अवस्था त्यस्तै छन । स्रोत र साधनको अभावमा सामुदायिक विध्यालयहरु सिमित क्रियाकलापमै थन्किएक छन भने स्रोत भएर पनि अन्य कुनै कारणले खुलेर त्यस्ता कार्यक्रमहरु सञ्चालन गर्न सकिरहेका छैनन ।

यसरी सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलापको सन्दर्भलाई लिएर यो भन्दा अगाडि जे जति खोज अनुसन्धान भए, गरिए तापनि सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन र व्यवस्थापन कस्तो छ, अतिरिक्त क्रियाकलाप सञ्चालनका व्यवस्थापनमा देखा परेका समस्याहरु के-के हुन्, यस्ता समस्याहरु समाधान गर्न के गर्नु पर्छ भन्ने जस्ता

कुरामा धेरै चासो नदिइएकोले यो अध्ययन उक्त विविध समस्याहरु खोजी गरी समाधानका उपायहरु पत्ता लगाउने कुरामा केन्द्रित रहेको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउनका लागि कुनै पनि स्वीकृत सिद्धान्तको आधार लिन'पर्ने हुन्छ । यस सिद्धान्तमा आधारित कुनै पनि तथ्यांक विश्वसनीय र वास्तविक हुने हुँदा प्रभावकारी शिक्षण सिकाइमा कक्षा व्यवस्थापनको भूमिका, कक्षा व्यवस्थापनमा देखा परेका समस्याहरु र यसका समाधानका उपाय सुझाउन टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्तलाई यस अध्ययनमा सहयोगी सिद्धान्तका रुपमा प्रयोग गरिएको छ ।

सन १८५६ मा फ्रान्समा जन्मिएका फ्रेडरिक विन्स्लो टेलरले सन् १९११ मा वैज्ञानिक व्यवस्थापनको सिद्धान्त प्रतिपादन गरेका हुन् । उनका अन'सार औद्योगिक उत्पादनमा वृद्धि गर्न कामदारको कार्यशैली वैज्ञानिक बनाउनु पर्ने, कामदारको छनोट र तालीम वैज्ञानिक तरिकाबाट गरिनु पर्ने, व्यवस्थापक र कामदार बीच आत्मीय सम्बन्ध र सहयोग कायम गर्नु पर्ने, काम गर्ने समय र ज्याला निर्धारण गर्नु पर्ने, कार्य विभाजन वैज्ञानिक ढंगबाट गरिनु पर्ने आदि कुरामा उनले यो सिद्धान्तमा जोड दिएका छन् । उनले यो सिद्धान्तमा अवलोकन, मूल्यांकन, परीक्षण र निश्कर्ष जस्ता वैज्ञानिक विधिलाई विशेष बढी जोड दिएका छन् । उनले अधिकतम उपलब्धि हासिल हुने ढंगले कामदारबाट काम लिन । पर्ने र यसको लागि वैज्ञानिक विधिको प्रयोग गर्नु पर्ने कुरा सुझाएका छन् । वैज्ञानिक व्यवस्थापन भनेको कुनै नयाँ अन्वेषण नभई विगतमा संयोजन हुन नसकेका पुराना ज्ञानलाई विश्लेषण र वर्गीकरण गरी कानुन र नियमका आधारमा संयोजन गर्नु हो । यसले कामदार र व्यवस्थापकको बीचमा आपसी सुमधुर सम्बन्ध स्थापित गर्ने कार्य गर्दछ ।

व्यवस्थापनको सिद्धान्तको उद्देश्य योजना गर्ने, संगठन गर्ने, निर्देशन गर्ने, समन्वय गर्ने आदि हो । टेलरको यस सिद्धान्तले कामदारको सेवा, सर्त, सुविधा, जागिरको सुरक्षा, न्यायको भावना फैलाउने साथै निश्चित नियमको सट्टा विचारपूर्वक परिस्थिति अनुसार वैज्ञानिक व्यवस्थापन गर्नुपर्ने कुरामा जोड दिन्छ . व्यवस्थापन गर्ने कार्य विश्वव्यापी भएकोले यसको प्रक्रिया, पद्दति र कार्यका आधारमा यो सिद्धान्त विकसित भएको पाइन्छ । यो सिद्धान्तलाई उद्योग व्यवसाय लगायत राजनीति, धर्म, सैनिक, प्रशासन एवम शैक्षिक क्षेत्रमा समेत यसको सफलतापूर्वक उपयोग गरी यसबाट फाइदा लिन सकिन्छ ( कोइराला, श्रेष्ठ २०६२)।

शैक्षिक व्यवस्थापनमा यो सिद्धान्तलाई उपयुक्त ढंगले प्रयोगमा ल्याउन सके शिक्षा क्षेत्रका जनशक्तिलाई यो सिद्धान्तका आधारमा समायोजन र व्यवस्थापन गरी राम्रो परिणाम लिन सकिन्छ । हालको भद्रगोल शैक्षिक व्यवस्थापनलाई मध्यनजर गर्दै टेलरको यस सिद्धान्तलाई लागु गर्ने हो भने पक्कै पनि हामी सफल शैक्षिक स्तर उकास्न सक्दछौँ । एउटा कुशल प्रशासक बन्न के आवश्यक हुन्छ ? विद्यालयको गुणस्तरलाई कसरी उकास्न सकिन्छ ? शिक्षकलाई कस्तो र कसरी उत्प्रेरणा दिन सकिन्छ ? उनीहरुको पेशागत दक्षता र क्षमतालाई वृद्धि गर्न के गर्नु पर्छ ? शिक्षण एक कला हो भने विद्यार्थीलाई यो कलाप्रति कसरी आकर्षक गर्न सकिन्छ ? आदि महत्वपूर्ण कुराहरुलाई यस टेलरको सिद्धान्त मार्फत स'धार गर्न सकिन्छ ।

खासमा यो सिद्धान्त परिमाणात्मक वस्तुको उत्पादनमा लागु हुने कुरा प्रकाशमा आए पनि आजको जटिल समाजमा गुणात्मक, अदृश्य (सेवा) वस्तुको उत्पादनका निम्ति पनि यसलाई राम्ररी उपयोग गर्न सकिन्छ । शिक्षा क्षेत्रमा समेत ठूलो जनशक्ति रहेको हुनाले उनीहरुको क्षमता र दक्षतालाई सुधार नगरिएसम्म यो क्षेत्रको विकास सम्भव छैन भन्ने कुरा हामीलाई थाहा छ किनभने शिक्षा क्षेत्रले उत्पादन गरेका जनशक्ति नै भोलिको बजारमा दक्ष कामदार बन्ने हुँदा यो व्यवस्थित हुन जरुरी छ । यसैले टेलरको यो सिद्धान्तलाई हामी शैक्षिक व्यवस्थापन र गुणात्मक विकासका लागि प्रयोग गर्न सकिने हुनाले समेत यो सिद्धान्तलाई यस अनुसन्धानमा सैद्धान्तिक खाकाको रुपमा अपनाइएको छ ।

दुर्गापुर स्रोत केन्द्र अन्तर्गतका नमूनाका रुपमा छानेका सामुदायिक विद्यालयहरुमा सञ्चालित अतिरिक्त क्रियाकलाप अन्तर्गतका कार्यक्रमहरुमा शिक्षक, समय, सामग्री, सिकारु, पाठ्यक्रमको उपयुक्त ढंगले समन्वय गरी वैज्ञानिक ढंगले विद्यालय प्रशासनद्वारा व्यवस्थापन गरिएको छ छैन भनी अध्ययन गर्नका लागि यो सिद्धान्तलाई यस अनुसन्धानमा आधार बनाइएको छ ।

## २.३ अध्ययनको पुनरावलोकनको उपादेयता

शिक्षा जीवनको ज्योति, विकासको मेरुदण्ड हो । शिक्षा विनाको संसार अन्धकार हुन्छ । यसको विकास नभएसम्म विकासका पूर्वाधार निर्माण सम्भव छैन । यसकारण शिक्षामा राष्ट्रले ठूलो लगानी गरेको हुन्छ तर पाठ्यक्रमद्वारा निर्देशित नियमित पठनपाठन मात्र विद्यार्थीका लागि पर्याप्त भने हुँदैन । उनीहरुको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक

विकासका साथै बालबालिकाहरुमा लुकेर रहेका प्रतिभा प्रस्फुटन गराउन र प्रतिस्पर्धी भएर बाँच्न एवम् सफल हुन, सहयोगी बन्न, अनुशासित हुन लगायतका यावत गुण र विशेषता अभिवृद्धि गर्न अतिरिक्त क्रियाकलापले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलाप व्यवस्थापन सम्वन्धी शोधकार्य अगाडि बढाउने क्रममा टेलरको वैज्ञानिक व्यवस्थापन सम्बन्धी सिद्धान्तलाई अतिरिक्त क्रियाकलाप व्यवस्थापनसँग जोडेर समग्र शैक्षिक क्षेत्रलाई नै व्यवस्थित बनाउँन सकिन्छ । बालबालिकाहरुको समग्र विकासका लागि पाठ्यक्रमद्वारा निर्देशित नियमित कोठे पठनपाठन मात्र पर्याप्त नहुन सक्छ । उनीहरुमा सिर्जनात्मक एवम् व्यवहारिक र रचनात्मक क्रियाकलापको विकास गर्न सकेको खण्डमा उनीहरुलाई आधुनिक समाज सुहाउँदो रुपमा अगाडि बढाउन सकिनेछ ।

अतिरिक्त क्रियाकलाप अन्तर्गत विद्यार्थीहरुमा उनीहरुका अन्तर्निहित प्रतिभा र क्षमता एवं सिपलाई स्तर अनुसार उजागर गर्न सके हाम्रो शिक्षा क्षेत्र पनि जीवन्त बन्ने पक्का छ । हरेक बालबालिकामा कुनै न कुनै क्षमता हुन्छ त्यसलाई हामीले विद्यालयमा दिएको शैक्षिक वातावरणले बाहिर ल्याई त्यसैलाई जीवनपयोगी सिपको रुपमा विकास गर्न सक्नु पर्दछ । त्यसैले आज सैद्धान्तिक शिक्षा भन्दा व्यवहारिक शिक्षा नै सवैको रोजाइमा पर्ने गरेको छ जसलाई हामी विद्यालय अवस्थाबाट नै अतिरिक्त क्रियाकलाप मार्फत सिगार्ने, उजागर गर्ने र व्यवस्थित गर्ने आदि काम गर्दछौं ।

अतिरिक्त क्रियाकलाप विद्यार्थी केन्द्रित हुन लैगिक समानता, प्रतिभा पहिचान आदिमा विशेष ध्यान दिनु पर्दछ । विद्यालयमा उपलब्ध आर्थिक र भौतिक कुरालाई मध्यनजर गर्दै अतिरिक्त क्रियाकलाहरुको योजना तर्जुमा गर्नुपर्दछ । यो सञ्चालन गर्दा मनोरन्जनात्मक, रोचक एवं शिक्षाप्रद क्रियाकलापहरु छनोट गरिनु पर्दछ । विद्यालयका अतिरिक्त क्रियाकलाप प्रमुख शिक्षकको नेतृत्वमा यस्ता क्रियाकलापहरु गराई अन्य सबैले सहयोगी भूमिका निर्वाह गर्ने तथा प्रधानाध्यापकले संयोजनकारी भूमिका निर्वाह गर्न सके अबका साम'दायिक विद्यालयहरुमा राम्रो अतिरिक्त क्रियाकलापको विकासलाई नकार्न सकिन्न । यस अध्ययनबाट प्राप्त निष्कर्षले सामुदायिक विद्यालयमा हुने गरेका अतिरिक्त क्रियाकलापको सञ्चालन र व्यवस्थापनलाई थप सहयोग पुऱ्याउने छ ।

पुनरावलोकन गरिएका सम्बन्धित साहित्यहरुले यस अनुसन्धानको क्रममा अध्ययनको खाका तयार गर्न, उद्देश्य निर्माण गर्न, प्रश्नावली तयार गर्न, सिद्धान्त निर्माण गर्न आदि ठाउँहरुमा आवश्यक मार्ग निर्देशन गरी अध्ययनलाई अगाडि बढाउन सहयोग पुऱ्याएका छन् । अतिरिक्त क्रियाकलापको सञ्चालन र व्यवस्थापनमा विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी एवम् अभिभावकहरुको भूमिका कस्तो र कति हुनुपर्दछ साथै तिनीहरुको कार्यगत समन्वय कसरी गर्न सकिन्छ भन्ने जानकारी समेत यसै अध्ययनबाट पाउन सकिन्छ । फलस्वरूप विद्यालयको शैक्षणिक क्रियाकलापलाई एउटा वैज्ञानिक ढंगबाट सञ्चालन गर्न र गराउन सहयोग पुग्ने हुन्छ । त्यसैगरी यस अध्ययनमा प्रयोग गरिएको सिद्धान्त र साहित्यको पुनरावलोकनले अनुसन्धानको निष्कर्षलाई विश्लेषण गर्न सहयोग पुऱ्याएका छन् ।

समग्रमा यो अध्ययन हालको कक्षा कोठा भित्र सिमित रहेको सैद्धान्तिक शिक्षालाई अतिरिक्त क्रियाकलापको रुपमा अनेक थरिका शारीरिक, मानसिक तथा संवेगात्मक क्रियाकलाप कक्षा कोठा भन्दा बाहिर पनि गराई विध्यार्थीको चौतर्फी विकास गर्नमा यी अध्ययनहरु सहयोगी बन्न सक्दछन । हालसम्म अतिरिक्त क्रियाकलापको सञ्चालन र व्यवस्थापनमा के कस्ता प्रयासहरु भए एबं उक्त प्रयासहरु कतिसम्म सफल बन्न सके या सकेनन भन्ने कुरा माथिका सम्बन्धित साहित्यहरुले समेत बुझ्नमा सहयोग पुर्याएका छन ।

# परिच्छेद तीन : अध्ययन विधि

खोज अनुसन्धान पद्धतिमा अपनाउने उपाय तथा तौर तरिकाहरुलाई विधि भनिन्छ । अनुसन्धान ज्ञानको विकास गर्ने र विस्तार गर्न प्रयोग गरिने व्यवस्थित योगदान हो । यो अवलोकन, तुलना, प्रयोग आदि प्रक्रियाबाट सत्यताको खोजी गर्ने वैज्ञानिक पद्धति हो । कुनै समस्याको पहिचान, विश्लेषण, परिकल्पना निर्माण गरी तथ्यांक संकलन र प्रस्त'तिकरण गर्ने वैज्ञानिक प्रक्रियालाई अनुसन्धानको रुपमा लिइन्छ । यस विधिमा विशेषत : वर्णनात्मक विधि अन्तर्गत सुचनाका स्रोतहरु, अनुसन्धान ढाँचा, अध्ययनको जनसंख्या एवम् विश्लेषण प्रक्रिया जस्ता कुराहरुको वारेमा चर्चा गरिएको छ ।

## ३.१ अनुसन्धानको ढाँचा

यो अध्ययन विद्यालयको अतिरिक्त क्रियाकलापको व्यवस्थापनसँग सम्बन्धित रहेकोले गुणात्मक ढाँचालाई अवलम्बन गरिएको छ । तथापि कतिपय सूचनाको प्रस्तुतीकरण र विश्लेषण कार्यमा तालिकाको प्रयोग भएकोले यसमा केही परिमाणात्मक पक्ष समेत समावेश भएका छन् । यो अनुसन्धानमा अनुसन्धानका दुबै ढाँचालाई प्रयोग गरिएको भए पनि गुणात्मक पक्ष नै अधिक रहेको छ तथापि यो अध्ययन मिश्रित अनुसन्धान ढाँचाको रहेको छ ।

## ३.२ जनसंख्या र नमुनाको आकार

यस अध्ययनका लागि झापा जिल्ला दुर्गापुर स्रोत केन्द्र अर्थात कनकाई नगरपालिका अन्तर्गत कक्षा १० र १२ सम्म पठनपाठन भई सञ्चालनमा आएका तीन वटा सामुदायिक माध्यमिक विद्यालयहरु तथा तीन वटा आधारभूत विद्यालय गरी जम्मा छ वटा विद्यालयहरुलाई प्रतिनिधिमूलक नमूना छनौट विधिद्वारा अध्ययनको आधारको रुपमा लिइएको छ । यस क्षेत्रका सम्पूर्ण विद्यालयहरुलाई नमूनाको आधार बनाउन स्रोत, साधन र समयको सिमीतताको कारण गाह्रो हुने भएकाले तीनवटा माध्यमिक र तीनवटा आधारभूत गरी जम्मा छ वटा विद्यालयलाई मात्र नमूना विद्यालय मानी अध्ययन गरिएको छ । त्यसैगरी अध्ययन गरिने विद्यालयका एक जना प्रधानाध्यापक, एक जना फोकल शिक्षक, एक जना विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, एक जना स्रोत व्यक्ति तथा १८ जना

अभिभावक र २४ जना विद्यार्थीलाई नमूना जनसख्याको रुपमा लिइएको छ जसलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

यस अध्ययनको निम्ति सिमित जनसंख्यालाई नमूना जनसंख्याको रुपमा लिईएको छ जसमा प्रत्येक विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, फोकल शिक्षक, विद्यार्थी, श्रोत व्यक्ति र अभिभावक यसमा पर्छन् । सिमित श्रोत साधन र समयको कारण जनसंख्याको आकार सानो भए पनि यसले झापाका साम'दायिक विद्यालयको प्रतिनिधि मूलक जनसंख्याको रुपमा काम गर्नेछ । यो तालिका अनुसार स्रोत केन्द्र, प्रधानाध्यापक र शिक्षकको निम्ति उद्देश्य मूलक नमुना छनौट विधि अपनाइएको छ भने विद्यालयको लागि कोटा सेम्प्लिङ एवम् विद्यार्थी र अभिभवाकको लागि सम्भावनायुक्त नमूना छनौट विधि अपनाइएको छ (अनुसूची ) ।

## ३.३ सूचना संकलनका साधनहरु

अनुसन्धानका लागि आवश्यक तथ्यांक संकलन गर्न देहाय बमोजिमका साधनहरुको प्रयोग गरिएको छ :

### ३.३.१ प्रश्नावली

यस अन्तर्गत विद्यालयह?मा सञ्चालन हुने अतिरिक्त क्रियाकलापको व्यवस्थापन, सञ्चालन प्रक्रिया, समन्वय, त्यसका फाइदा र वेफाइदाहरु, पठनपाठनमा पर्ने सकारात्मक र नकारात्मक असर आदि विषयमा प्रश्नहरु निर्माण गरी प्रश्नावली बनाइएको छ । जुन सम्बन्धित विद्यालयका प्रधानाध्यापक, फोकल शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक र स्रोत व्यक्तिलाई भर्न दिएर अथवा अन्तर्वाता लिएर सूचनाहरु संकलन गरिएको थियो । (अनुसूचि-४)

### ३.३.२ सर्वेक्षण फाराम

छनौट गरिएका विद्यालयहरुका अतिरिक्त क्रियाकलापहरुको अवस्था पत्ता लगाउन सर्भेक्षण फाराम निर्माण गरी प्रयोग गरिएको थियो । (अनुसुचि )

### ३.३.४ अन्तर्वार्ता प्रश्नावली

प्रधानाध्यापक, स्रोत व्यक्ति, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा अभिभावकलाई फोन मार्फत सम्पर्क गरी भेट्ने समय मागेर कतै बाइकबाट त कतै पैदलनै हिडेर घर अथवा अफिसमा नै गएर अन्तर्वार्ता प्रश्नावलीको माध्यमद्वारा सूचनाहरु संकलन गरिएको छ । (अनुसुचि ५)

## ३.४ सूचनाका स्रोतहरु

यस अध्ययनका लागि सूचना एवम् जानकारी प्राप्त गर्न प्राथमिक र सहायक गरी दुई किसिमका स्रोतहरुको प्रयोग गरिएको थियो जसमा :

**अ) प्राथमिक स्रोत** - यस स्रोत अन्तर्गत अनुसन्धान कार्यका लागि अन्तर्वार्ता, सर्वेक्षण फारम र प्रश्नावली मार्फत आफुलाई आवश्यक पर्ने सूचनाहरु आफु स्वयं गएर संकलन गरिएको थियो ।

**आ) सहायक स्रोत** - यस स्रोत अन्तर्गत आफ्नु अनुसन्धान कार्यलाई अतिरक्त रुपमा सहयोग होस भन्नका लागि लेख, रचना, पुस्तक, शिक्षा ऐन तथा नियमावली, जर्नल, अभिलेख, पुराना शोधपत्र आदिको अध्ययन गरी त्यस मार्फत आफुलाई चाहिने सूचना संकलन गरिएका थिए ।

## ३.५ सूचना संकलन प्रक्रिया

छनौटमा परेका विद्यालयहरुको स्थलगत भ्रमण गरी प्रधानाध्यापक  लगायत सम्पूर्ण सरोकारवाला समूहबाट प्राप्त गर्नुपर्ने सूचनाहरु प्रत्यक्ष भेटघाट छलफल मार्फत संकलन गरिएको थियो भने विद्यालयको भौतिक पूर्वाधार र आर्थिक तथा अन्य लगतको अध्ययन गर्न सर्वेक्षण फारम तयार गरिएको थियो । अतिरिक्त क्रियाकलापहरुको सञ्चालन, व्यवस्थापन र प्रभावकारिता के कस्तो छ भन्ने वारेमा मिश्रित प्रश्नावलीहरुको माध्यमद्वारा सूचना संकलन गरिएको थियो भने नमूना विद्यालयको अभिलेख तथा सूचना प्रशासनको मद्दतबाट संकलन गरिएको थियो ।

## ३.६ सूचना विश्लेषण प्रक्रिया

विभिन्न स्रोतबाट प्राप्त गरिएका तथ्य तथा जानकारीहरुलाई मूलत : वर्णनात्मक रुपमा विश्लेषण गरी आवश्यक अनुसार चरणवद्ध रुपमा व्याख्या विश्लेषण गरिएको थियो भने कतिपय विषयहरुलाई परिमाणात्मक रुपमा समेत व्याख्या विश्लेषण गरिएको थियो । त्यस्तै प्राथमिक र सहायक स्रोतबाट प्राप्त गरिएका नतीजालाई आवश्याकता अनुसार तालिकीकरण गरी चरणवद्ध रुपमा व्याख्या गरिएकोछ भने कतिपय सूचनालाई परिमाणात्मक रुपमा समेत प्रस्तुत गरिएको छ । अध्ययनको उद्देश्य अनुसार नतीजालाई विश्लेषण गरिएको छ भने सूचनाहरुलाई विभिन्न समूहमा वर्गीकरण गरी पूर्वस्थापित सिद्धान्तसंग जोडेर विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : नतिजाको विश्लेषण

सूचनाको व्याख्या र विश्लेषणलाई अध्ययन अनुसन्धानको प्रमुख पक्ष मानिन्छ । यो असन्धानको त्यस्तो केन्द्रविन्दु हो जसमा विभिन्न सूचना, विचार तथा स्थलगत अध्ययनबाट प्राप्त तथ्यांकहरुलाई क्रमवद्ध रुपमा राखी विश्लेषण गरिन्छ । यस परिच्छेदमा दुर्गापुर स्रोत केन्द्र अर्थात कनकाई नगरपालिका भित्रका तीन समुदायिक माध्यमिक विद्यालय र तीन वटा आधारभूत गरी जम्मा छ वटा विद्यालयहरु र अन्य सरोकारवालाहरुबाट लिइएको तथ्यांक र विवरणको व्याख्या विश्लेषण गरिएको छ ।

यसरी सञ्चालन हुने गरेका अतिरिक्त क्रियाकलापहरुको सञ्चालन र व्यवस्थापन सम्बन्धमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक, फोकल शिक्षक, विद्यार्थी, अभिभावक स्रोत व्यक्ति, समितिका पदाधिकारी एवम् अभिभावकहरुसंग प्रश्नावली र छलफलका माध्यमबाट प्राप्त विवरण संकलन गरिएको थियो । प्राप्त सूचनाहरु तथा उपलब्ध सहायक सामग्रीहरुका आधार समेत लिई व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ४.१ विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापहरुको वर्तमान अवस्था

अध्ययनको क्रममा छ वटा सामुदायिक विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरुको रुपमा सञ्चालन गरिने कार्यक्रमहरुको वर्तमान अवस्था पत्ता लगाउन विद्यालयहरुका, प्रधानाध्यापक, विध्यालय व्यवस्थापन समितिका अध्यक्ष, फोकल शिक्षक, विद्यार्थी, स्रोत व्यक्ति, अभिभावकबाट प्रश्नावली, अन्तर्वाता आदिको माध्यमबाट प्रतिक्रिया लिइएको थियो । तपाईको विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिन्छ कि गरिदैन भनी सोधिएको प्रश्नमा सबै सामुदायिक विद्यालयका सरोकारवालाहरुले अतिरिक्त क्रियाकलाप विद्यालयमा सञ्चालन हुने गरेको प्रतिक्रिया दिएका थिए ।

स्थलगत अध्ययनको क्रममा पनि दुवै समूहका विद्यालयहरुमा केही मात्रामा र कुनै न कुनै रुपमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन हुँदै आएको पाइयो । अध्ययनको क्रममा शोधकार्यमा अध्ययन गरिएका छ वटै विद्यालयहरुमा संचालित एक - एक वटा अतिरित क्रियाकलाप सञ्चालन प्रक्रियाको अवलोकन गरियो जसको सञ्चालन प्रक्रिया निम्नान'सार तालिकामा प्रस्तुत गरिएको छ । पर्याप्त खेल मैदान कसैमा भएको र कसैमा नभएकोले कार्यक्रमहरु साँघुरो घेरा भित्र समेत सिमित रहन पुगेका देखियो । शिंहदेवी आधारभूत

विद्यालयका शिक्षक डील्ली चापागाई भन्नु हुन्छ -"विद्यालयमा पर्याप्त खेल मैदान नहुँदा खेलकूदका कार्यक्रमहरु सञ्चालन गर्न एकदमै गार्हो छ । स्कुल भन्दा बाहिर विद्यार्थी लादा तीन किलोमीटर भन्दा बढी टाढा लैजानु पर्दछ त्यो हाम्रो लागि सम्भब छैन । यस कारण पनि हामीले कक्षा कोठा बाहिरका गतिविधि सजिलै गर्न सकेका छैनौ ।"

प्राविधिक रूपले सामुदायिक विद्यालयहरु अलिक बढी असक्षम देखिन पुगे । यति हुँदाहुँदै पनि प्रतियोगितात्मक कार्यक्रमहरुमा विद्यार्थी सहभागिता, निर्णायक मण्डलीको व्यवस्थापन, नतीजा घोषणा र पुरस्कार वितरण रोचक नै रहेको पाइयो । सामुदायिक विद्यालयहरु मध्ये मा.वि तर्फ श्री कनकाई माध्यामिक विद्यालय, सुरूङ्गामा र आधारभूत तर्फ सिंहदेवी आधारभूत विद्यालय सञ्चालन गरिने अतिरिक्त क्रियाकलापहरु धेरै रोचक र उत्साहजनक ढंगले सम्पन्न भएको पाइयो ।

सामुदायिक विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापहरुको व्यवस्थापनको अवस्था वुझ्नका लागि विद्यालयका सरोकारवालाहरुबाट प्राप्त नतिजा र स्थलगत अध्ययनको सूचना आधारमा साम'दायिक तर्फका विद्यालयहरुको अतिरिक्त क्रियाकलापको स्थिति नृत्य, खेलकुद, शैक्षिक भ्रमण प्राय : विद्यालयहरुले गर्ने गरेको देखियो भने हिज्जे प्रतियोगिता र स्काउट गतिविधि अत्यन्त न्यून मात्रामा सञ्चालन गरेको देखियो । त्यसैगरी धेरै जसो विद्यालयमा शारीरिक व्यायाम, चित्रकला, हाजिरीजवाफ, बालक्लब जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिएको पाइयो ।

संगीत र मनोरन्जनात्मक कार्यक्रम नृत्य, गायन तथा अन्य सांस्कृतिक कार्यक्रमहरु पनि सबै सामुदायिक विद्यालयमा नियमित र व्यवस्थित रुपमा सञ्चालन भएको पाइएन ।

त्यसैगरी सीप विकास गन जूनियर रेड्क्रस सर्कल, बालक्लब, स्काउटिंग जस्ता

कार्यक्रमहरुलाई पनि सामुदायिक विद्यालयलसंगै लैजान खोजे पनि सबैले उत्तिकै प्रभावकारी ढंगबाट यी कार्यक्रमहरु अगाडि लान नसकेको देखियो । त्यसैगरी नाटक, हिज्जे, बाध्यवादन जस्ता क्रियाकलापहरु पनि प्राय : विद्यालयहरुमा नियमित हुन नसकेको देखियो ।
(अनुसूचि-७)

आधुनिक पाठ्यक्रमले अतिरिक्त क्रियाकलापहरुलाई शैक्षिक क्रियाकलापहको अभिन्न अंग मानेको छ । सामुदायिक विद्यालयमा सञ्चालन हुन नसकेका कार्यक्रमहरुलाई नियमित

रुपमा सञ्चालन गर्नको लागि टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुसार विद्यालयमा प्रयोग गर्न सके अवको शिक्षा जीवनपयोगी सिपको रुपमा विकसित भएर जाने कुरामा हामी विश्वस्त हुन सक्छौ ।

अध्ययनको क्रममा प्राय : गरेर नमुना छनौट गरिएका विद्यालयहरु मध्ये केहि विद्यालयहरुमा वैज्ञानिक व्यवस्थापन अनुरुप अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न खोजेको पाइयो । जस अन्तर्गत फोकल शिक्षक राख्ने, निर्णय गर्न बैठक बस्ने कार्यक्रम सञ्चानल गर्दा आवश्यक आधुनिक सामाग्रीहरु प्रयोग गर्ने, विध्यार्थीको सन्तुष्टि अर्न्तराष्टिमा ध्यान दिने, विद्यालयमा बालमैत्री वातावरण निर्माण गर्न खोजेको आदि पाइनुले विद्यालयमा ती विद्यालयहरुले आतिरिक्त क्रियाकलापको सञ्चालन र व्यवस्थापनलाई वैज्ञानिक बनाउन खोजेको पाइयो ।

### ४.१.१ अतिरिक्त क्रियाकलाप सञ्चालन अवधि

अतिरिक्त क्रियाकलाप पनि शैक्षणिक क्रियाकलापको एउटा अभिन्न अंग भएकोले यो नियमित रुपमा सञ्चालन भइरहु पर्दछ । यसका लागि विध्यालयले नियमित रूपमै सञ्चालन गर्न आवश्यक हुन्छ । सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलाप कहिले - कहिले हुन्छ भन्ने कुरा पत्ता लगाउने उदेश्यले नमूनामा परेका छ वटा नै सामुदायिक विद्यालयका प्र.अ., फोकल शिक्षक, वि.व्य.स अध्यक्ष, अभिभावक र विद्यार्थी गरी ५१ जनासंग प्रतिक्रिया लिइएको थियो । त्यसैगरी विद्यालयको वार्षिक कार्यतालिकाको अध्ययन र अन्तर्वार्ताबाट समेत प्राप्त विवरणका आधारमा विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलाप सञ्चालनको अवधि सम्बन्धी विश्लेषण गरिएको थियो ।

शारीरिक व्यायामको कुरा गर्दा थोरै सामुदायिक विद्यालयले मात्रै यसमा सक्रियता देखाएको पाइयो, जसलाई विहानको प्रेयर लाइनमा पि.टी. मार्फत सञ्चालन गर्ने गरेको पाइयो । राष्ट्रियगान प्रत्येक विद्यालयले गाउने गरेको तर कक्षागत गीत कुनैले पनि नगाइएको पाइयो । सवैजसो सामुदायिक विद्यालयका साप्ताहिक र मासिक आतिरिक्त क्रियाकलाप अन्तर्गत कविता, नृत्य र हाजिरीजवाफ वाहेक अन्य पर्न नसकेको भेटियो । खेलकूदलाई सबैले वार्षिक रुपमा मात्र प्रथामिकतामा राख्ने गरेको पाइयो । सबै सामुदायिक विद्यालयमा वर्षमा एक दुई पटकसम्म निबन्ध, कविता, वक्तृत्वकला, वृक्षारोपण, हस्तकला, चित्रकला, फुलवारी निर्माण आदि कार्यक्रमहरु आयोजन गरिएको पाइयो । तर कुनै पनि सामुदायिक

विद्यालयको नाटक, अभिनय, सिलाइबुनाई, पाक शिक्षा, पुस्तकालय प्रयोग आदिमा धेरै सक्रियता देखिएन ।

यसरीनै कतिपय सामुदायिक विद्यालयमा हाजिरिजवाफ, भित्ते पात्रो निर्माण, शैक्षिक भ्रमण, जूनियर रेड्क्रस सर्कल, स्काउट जस्ता सिप विकास गर्न सक्ने खालका कार्यक्रम समेत सञ्चालन गर्ने गरेको पाइयो भने कुनैमा यस्ता कार्यक्रम नभएका समेत भेटिए । यसबाट सामुदायिक विद्यालयमा हुने गरेका कतिपय नेतृत्व विकास सम्बन्धी कार्यक्रमहरुले सस्थागत विद्यालयमा स्थान नपाएको समेत देखन सकिन्छ । हाल आएर सामुदायिक विद्यालयले आफ्ना अतिरिक्त क्रियाकलाप सम्बन्धी क्रियाकलापहरु बढाउँदै लागेको देख्न सकिन्छ ( अनुसूचि १०) ।

### ४.१.२ अतिरिक्त क्रियाकलाप सञ्चालन विधि

सामुदायिक विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप सञ्चालन प्रकृयाको समानता तथा असमानता पत्ता लगाउने उद्देश्यले सामूदायिक विद्यालयका प्र.अ., फोकल शिक्षक, अभिभावक, विद्यार्थी एवम् समितिका अध्यक्ष मध्येबाट जम्मा ५१ जनासँग विभिन्न तरिकाले प्रतिक्रिया लिइएको थियो । यसका साथै विद्यालयको स्थलगत अध्ययन गरी अतिरिक्त क्रियाकलाप संचालन प्रकृयाको सर्वेक्षण गरिएको थियो जसबाट प्राप्त सूचनालाई निम्न तालिकामा देखाइएको छ ।

तलिका १

अतिरिक्त क्रियाकलाप संचालन विधि

| क.सं. | सञ्चालन विधि | हुने विद्यालय | नहुने विद्यालय |
|---|---|---|---|
| १ | छुट्टै शिक्षकको व्यवस्था | - | ६(१००%) |
| २ | कार्यतालिका निमार्ण | ३(५०%) | ३(५०%) |
| ३ | शिक्षक सहभागिता | ६(१००%) | - |
| ४ | विद्यार्थी सहभागिता | १५(७२.५%) | ९(३७.५%) |
| ५ | वि.व्य.स. सहभागिता | ३(५०%) | ३(५०%) |

| | | | |
|---|---|---|---|
| ६ | बैठक बस्ने गरेको | ४(६६%) | २(३३%) |
| ७ | सदन विभाजन गरेको | ६(१००%) | - |
| ८ | फोकल शिक्षक भएको | ६(१००%) | - |
| ९ | अभिभावकको सहभागिता भएको | २(३३%) | ४(६६%) |

स्रोत: स्थलगत २०७३

माथिको तालिकालाई विश्लेषण गर्दा सामुदायिक विद्यालय तर्फ प्रायः अतिरिक्त क्रियाकलापको निम्ति छुट्टै शिक्षकको व्यवस्था नगरेको पाइयो भने सञ्चालन हुने कार्यक्रमहरु कुनै विद्यालयले तालिकामा त कुनैले तालिका विनै सञ्चालन गरेको पाइयो । प्रायः सबै विद्यालयहरुमा अतिरिक्त क्रियाकलापमा शिक्षक सहभागिता, सदन विभाजन तथा फोकल शिक्षक राखेको पाइयो तर कार्यक्रममा शिक्षकको सहभागिता, वि.व्य.स.को सहभागिता अलिक न्यून रहेको पाइयो । समग्रमा सामुदायिक विद्यालयले अतिरिक्त क्रियाकलाप सञ्चालन र व्यवस्थापनलाई जोड दिएको पाइयो ।

### ४.१.२ अतिरिक्त क्रियाकलाप सञ्चालनले शिक्षण सिकाईमा गरेको सहयोग

शिक्षण सिकाईमा अतिरिक्त क्रियाकलापलाई औपचारिकता दिएको त्यति लामो समय भएको छैन । पहिली-पहिली अनौपचारिक रुपमा यस्ता क्रियाकलापलाई कक्षाकोठा भित्र र बाहिर सञ्चालन गर्ने गरेको भए पनि हाल प्राय : विद्यालयले यसलाई विध्यालयको तालिकामै सामेल गराएर गर्ने गरेको पाइयो । अध्ययनको क्रममा कुनै पनि किसिमका अतिरिक्त क्रियाकलापले शिक्षण सिकाई क्रियाकलापमा के कस्तो प्रभाव पारेको छ अथवा सिकाईलाई अझ रोमांचक बनाएको छ भन्ने कुरा खोजी गर्दा सिंहदेवी आधारभूत विद्यालायका प्रधानाध्यापक डम्बर फुयालले विध्यार्थीहरु खेलकूद मार्फत बिभिन्न प्रतियोगितामा सफल भएका तथा संगीत र साहित्यिक क्षेत्रमा समेत राम्रो प्रगति भएर उनीहरुको आत्मविश्वास बढ्दै गएको, बोल्ने सिप तथा नेतृत्व सिपको विकास भएको कुरा बताउनु भयो । यसबाट के बुझिन्छ भने यदि सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई पनि अवसर दिने हो भने अतिरिक्त क्रियाकलापले पक्कै पनि उनीहरुको शिक्षण सिकाइमा थप सहयोग पुग्ने कुरा सोझै अनुमान लगाउन सकिन्छ ।

## ४.२ अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि उपलब्ध सुविधाहरु

सामुदायिक विद्यालयहरु यसै पनि विविध कारणले स्रोत र साधनमा पछाडि परेका ह'न्छन् भन्ने कुरा अध्ययनबाट थाहा पाइयो । छनोटमा परेका विद्यालयहर मध्ये राम्रा भनिएका विद्यालयहरुमा समेत अतिरिक्त क्रियाकलप सञ्चालनका लागि आवश्यक पर्ने सामग्रीहरु उचित मात्रामा व्यवस्थापन भएको भेटिएन । यदि सामुदायिक विद्यालयहरुलाई स्रोत साधन सम्पन्न बनाउन सकेमा पक्कै पनि अतिरिक्त क्रियाकलाप सञ्चालनमा सहयोग पूगी विद्यालय भित्रै सैद्धान्तिक शिक्षाको साथ साथै व्यवहारिक शिक्षालाई समेत लिएर जान सकिन्छ भन्ने कुरा समेत अध्ययनको नतिजाले देखाएको छ। फेरि सामुदायिक विद्यालयहरुले सिमित स्रोत साधन भएर पनि अतिरिक्त क्रियाकलाप प्रति देखाएको लगाव भने आफैमा सह्रानीय पाइयो ।

यस सन्दर्भमा विध्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न के कस्ता सुबिधा उपलब्ध छन भन्ने जिज्ञासामा सरस्वती माध्यामिक विद्यालयका फोकल शिक्षक सूर्य अधिकारी भन्नु - “हुन्छ खासै बाहिरबाट हामीलाई यसका लागि तेस्तो केही सुबिधा छैन । जे जति हो त्यो हामीले स्कुलमै जुटाउने हो । यति सुबिधा हो हामीसंग खेल मैदान छ । हामीले अन्त जानु पर्दैन त्यसका लागि । ”

### ४.२.१ अतिरिक्त क्रियाकलापमा अभिभावक तथा सरोकारवालाहरुको सहयोग

सामुदायिक विद्यालयमा आर्थिक स्रोत न्यून रहेकाले अतिरिक्त क्रियाकलाप सञ्चालनमा आवश्यक पर्ने आर्थिक स्रोत जुटाउन निक्कै मुस्किल रहेको पाइयो । त्यसै कारण यी विद्यालयहरुले आर्थिक स्रोत जुटाउने प्रक्रियालाई निम्न तालिकामा देखाइएको छ । अभिभावक तथा सरोकारवालाहरुले जरुरत अनुसार श्रमदान एवम् चन्दा दिएर सहयोग गरेको देखियो । कुनै कुनै विद्यालयमा अन्य बाहिरका दाताहरुले समेत केहि सामाग्रीहरु उपलब्ध गराएको पाइयो ।

### ४.२.२ विद्यालयमा उपलब्ध अतिरिक्त क्रियाकलापका सामग्रीहरु

अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापनका लागि विद्यालयमा उपलब्ध सामाग्रीहरुको अवस्था पत्ता लगाउन ३ वटा सामुदायिक माध्यामिक विद्यालय र ३ वटा सामुदायिक आधारभूत  विद्यालयबाट एक-एक जना सरोकारवालाहरु गरी जम्मा ३१ जनासंग प्रतिक्रिया लिइएको थियो भने विद्यालयमा भएका खेलकुद तथा अन्य सांगीतिक आर्यक्रम र सामाग्रीहरुको स्थलगत अवलोकन समेत गरिएको थियो जसलाई अनुसूची मा देखाइएको छ ।

विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने सामाग्रीको सर्वेक्षण गर्दा प्राय : सबै विद्यालयमा व्याट बल, स्टक वाच घडी, व्याडमिन्टन कम भएको पाइयो भने भलिबल फूटबल, नेट जाली आदि सामाग्री विद्यालयमा भएका पाइयो । विद्यालयमा मादल तवला, हार्मोनियम, क्यारेमबोर्ड तथा नृत्य ड्रेस साह्रै थोरै रहेको पाइयो । अझ खेलमैदानको कुरा गर्ने हो भने तीन वटा विद्यालय बाहेक अन्य विद्यालयसँग उपयुक्त खेलमैदान नरहेको पाइयो । अतिरिक्त क्रियाकलापका लागि चाहिने सामाग्रीहरुको के कस्तो अवस्था छ  तेस्ता सामाग्रीहरु कसरी जुटाउनु हुन्छ  भनेर जिज्ञासा राख्दा सरस्वती माध्यामिक विद्यालय जामुनवारीका प्रधानाध्यापक तुलसी कार्की भन्नु हुन्छ - “खास गरेर ती सामाग्रीहरु किन्ने हामीलाई  छुट्टै बजेट  कही कतैबाट  आउदैन । हामीले आफ्नै विद्यालयका स्रोत मार्फत र कुनै दाताहरु मार्फ़त लिने हो । हाम्रा जस्ता सामुदायिक विद्यालयहरुमा यस्तो कार्यको लागि आर्थित व्यवस्थापन एकदमै कमजोर छ ।”

यसबाट के स्पष्ट हुन्छ भने अबको सुधार सामुदायिक विद्यालयका आर्थिक बजबुतीका लागि हुनुपर्दछ । यदि सामुदायिक विद्यालयहरु आर्थिक रुपमा सबल र सक्षम हुन सके भने विद्यालायमा सञ्चालन हुने हरेक गतिविधिहरु प्रभावकारी हुन सक्नेछन । आर्थिक समस्या कुनै एक विध्यालयको मात्र होइन तर यो समग्र सामुदायिक विद्यालयहरुको साझा समस्या रहेकोले अब समुदायनै यसको सुधारमा लाग्नु पर्ने बेला आएको छ भन्ने कुरा माथिको प्रधानाध्यापकको अभिव्यक्तिले नै स्पष्ट हुन्छ । (अनुसूचि १२ )

### ४.२.३ अतिरिक्त क्रियाकलापमा आर्थिक स्रोतको व्यवस्थापन

अध्ययनको क्रममा ६ वटा विद्यालयका प्रति विद्यालय ३/३ जनाको दरले प्र.अ., शिक्षक र वि.व्य.स अध्यक्ष गरी जम्मा १८ जनासंग प्रतिक्रिया लिइएको थियो । अतिरिक्त क्रियाकलापको संचालनको लागि आर्थिक पक्ष कसरी व्यवस्थापन गरिएको छ भन्ने कुरा निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ जसमध्ये प्राय सबै विद्यालयहरुले अतिरिक्त क्रियाकलापका निम्ति आर्थिक स्रोत जुटाउने स्रोतको रुपमा जिल्ला शिक्षा कार्यलय तथा विभिन्न संघ सस्थाहरुलाई गुहार्ने, विद्यालय कोषबाटै प्रयोग गर्ने तथा कति पय अंग्रेजी माध्यम चलेका विद्यालयहरुमा छात्र छात्राहरुबाट उठाएको शूल्कलाई समेत केहि रकम यस स्रोतको लागि छुट्याइएको अध्ययनमा पाइएको छ ।

### ४.२.४ अतिरिक्त क्रियाकलाप प्रतियोगितामा विद्यालयको सहभागिता

शैक्षणिक क्रियाकलापको एक अंग समेत रहेकोले अतिरिक्त क्रियाकलापले विद्यार्थीमा भएका सम्पूर्ण पक्षको विकास गरी अन्तर्निहित प्रतिभालाई प्रस्फुटित गराउने कार्य गर्दछ । त्यसैले समय - समयमा योजनावद्ध तरिकाले विद्यालयमा यसको सञ्चालन गर्नुपर्ने हुन्छ । विद्यालय नै यस्ता प्रतिभाहरुको संगम क्षेत्र भएकोले र उक्त प्रतिभाहरुलाई पालिस गर्न सक्ने स्थान विद्यालय नै रहेकोले यसको लागि अबको शैक्षिक पुस्ताले यस तर्फ कदम चाल्न जरुरी देखिन्छ । बिभिन्न क्रियाकलापहरुमा विद्यालयको सहभागिताको अवस्था पहिचान गर्न विद्यालयसँग सरोकार राख्ने विभिन्न व्यक्तिहरुसँग प्रतिक्रिया लिएको थियो जस मार्फत सामुदायिक विद्यालयहरुले पनि स्रोत केन्द्रले आयोजना गर्ने, जिल्लाले आयोजना गर्ने तथा राष्ट्रपति रनिङ सिल्डमा समेत सहभागि जनाउने गरेको पाइयो तर सहभागिताको मात्र भने कुनैमा थोर र कुनैमा धेर रहेको पाइयो ।

स्रोत केन्द्र स्तरीय प्रतियोगितामा प्रायः सबै विद्यालयले सबै जसो कार्यक्रमहरुमा भाग लिएको देखियो भने खेलकूदको क्षेत्रमा सबै विद्यालयको राम्रो सहभागिता रहेको पाइयो । त्यसैगरी शैक्षिक प्रदर्शनीमा कुनै पनि विद्यालयले भाग लिन नसकेको देखियो । जिल्ला स्तरीय प्रतियोगितालाई हेर्दा खेलकूदमा प्रायः विद्यालयहरुको उपस्थिति उत्साहजनक रहेको पाइयो भने राष्ट्रपति रनिंग शील्डमा पनि एउटा विद्यालय वाहेक अन्य सबै विद्यालयहरुको उल्लेख्य सहभागिता रहेको पाइयो ।

क्षेत्र स्तरीय कार्यक्रमको कुरा गर्दा साँस्कृतिक कार्यक्रम, शैक्षिक प्रदर्शनी एवम् निबन्ध लेखन प्रतियोगितामा चार वटा विद्यालयको राम्रो सहभागिता रहेको पाइयो भने द'ई वटा विद्यालयको सहभागिता न्युन रहेको वा रहदै नरहेको पाइयो । जिल्ला शिक्षा कार्यलय झापाबाट प्राप्त तथांकका आधारमा प्रत्येक वर्ष जिल्लाले माध्यामिक विद्यालय स्तरीय साँस्कृतिक कार्यक्रम, निबन्ध प्रतियोगिता, कविता वाचन प्रतियोगिता, चित्रकला प्रतियोगिता, हाजिरीजवाफ, शैक्षिक प्रदर्शनी एवम् खेलकूद प्रतियोगिता सञ्चालन गर्ने गरेको पाइयो ।

विद्यालयका अतिरिक्त स्रोतकेन्द्रले र अन्य सबै सरकारी र गैरसरकारी संघ सस्थाहरु तथा शिक्षक संघ, संगठन आदिले समेत विविध कार्यक्रमहरु सञ्चालन गर्ने गरेको पाइयो । विद्यालयको सहभागितालाई हेर्ने हो भने खेलकूद र सांगीतिक कार्यक्रममा बढी भन्दा बढी भाग लिने तर बौधिक ज्ञान र नेतृत्व विकास तर्फ संचालित कार्यक्रमहरुमा न्युन सहभागिताको अवस्था रहेको पाइयो । यस तथ्यले सेरिड (२०६१) को प्रतिवेदनले भने झै आर्थिक, मानवीय र व्यवस्थापकीय कमजोरिका कारण विद्यालयमा अतिरिक्त क्रियाकलापहरु सही ढंगले सञ्चालन हुन नसकेका हुन भन्ने निष्कर्षलाई पुष्टि गरेको छ ।

## ४.३ अतिरिक्त क्रियाकलाप सञ्चालनले विद्यालय विद्यार्थी, शिक्षक र वातावरणमा पारेको प्रभाव

नेपालको सन्दर्भमा सामुदायिक विद्यालयको निम्ति अतिरिक्त क्रियाकलाप आवश्यक रहेको तथ्य अध्ययनमा पाइएको छ । किनभने अतिरिक्त क्रियाकलाप व्यवहारिक शिक्षाको एउटा भाग हो जसले सीपमुलक तथा जीवन उपयोगी सीप सिकाउने शिक्षाको रुपमा थोरै भए पनि काम गर्दछ । अध्ययनको क्रममा अतिरिक्त क्रियाकलापप्रति सबै सरोकारवालाहरुको धारणा ब'झ्ने प्रयास गरियो जहाँ लगभग सबैको सकरात्मक धारणा रहेको पाइयो । यसलाई अतिरिक्त क्रियाकलापप्रति विद्यार्थी, व्यवस्थापन समिति, अविभावक, स्रोत व्यक्ति, फोकल शिक्षक तथा प्रधानाध्यापकहरुको धारणालाई राखिएको छ । (अनुसूची १२)

अतिरिक्त क्रियाकलाप सञ्चालनले शिक्षण सिकाईको वातावरणमा सकारात्मक परिवर्तन ल्याउछ र लक्षित विध्यालयहरुमा समेत यो कुरा पाइयो । यस्ता कार्यक्रम सञ्चालन हुदा विध्यार्थीहरु खुशी हुने, यसबाट मनोरन्जन लिने, शिक्षकहरुमा समेत ताजकी र स्फूर्ति आउने कुरा भृकुटी माध्यामिक विध्यालयका अतिरिक्त क्रियाकलापका फोकल शिक्षक कुमार प्रसाद

खरेलले बताउनु भयो । अतिरिक्त क्रियाकलाप कार्यक्रम सञ्चालन गर्दा विध्यालय खेलमय हुने, विध्यार्थीहरुमा नयाँ कुरा सिक्ने मौका र विध्यार्थीमा सिकाउने र सिक्ने दुबै मौका आउने कुरा बताउनु भयो । यसबाट पनि स्पष्ट हुन्छ कि सामुदायिक विध्यालयहरुले अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न सके समग्र विध्यालय वातावरणमा सकारात्मक परिवर्तन आउने छ ।

### ४.३.१ अतिरिक्त क्रियाकलापले विद्यार्थीमा पारेको प्रभाव

विद्यालय शिक्षामा अतिरिक्त क्रियाकलापको निक्कै ठूलो भूमिका रहेको हुन्छ । यदि हामीले विद्यार्थी केन्द्रित शिक्षण विधि लागु गर्दै पठनपाठन गर्ने हो भने र आधुनिक एबम सिपम'लक शिक्षा दिने हो भने अब हरेक विद्यार्थीलाई उनीहरुको रूचि र क्षमता अनुसारको शिक्षा दिन जरुरी छ । यस अध्ययनको क्रममा विद्यार्थीहरुमा अतिरिक्त क्रियाकलापले सकारात्मक प्रभाव पारेको पाईएको छ । प्राय : विद्यार्थीहरु विद्यालयमा अतिरिक्त क्रियाकलाप हुँदा खुशी हुदै सहभागी गरेको पाइएकोले पनि हामी उनीहरुमा अतिरिक्त क्रियाकलापले सकारात्मक प्रभाव पारेको कुरालाई बुझ्न सक्दछौं । फेरी विद्यार्थीहरुलाई प्रश्नावली मार्फत यस विषयमा शोधखोज गर्दा सकारात्मक जवाफ आएकोले पनि उनीहरुको शारीरिक र मानसिक एबम वौदिक विकासको क्षेत्रमा यसले राम्रो प्रभाव पारेको पाइएको छ । यसै पनि विद्यार्थीहरु खेलप्रेमी हुने हुँदा अहिलेका विद्यालयहरुले आयोजना गरेका हरेक कार्यक्रममा उनीहरुको उल्लेख्य सहभागिता रहेको पाइएको छ ।

### ४.३.२ अतिरिक्त क्रियाकलापले शिक्षकमा पारेको प्रभाव

अतिरिक्त क्रियाकलापले शिक्षकहरुमा समेत सकारात्मक प्रभाव पारेको यस अध्ययनमा पाइएको छ । विद्यालयमा यस्ता गतिविधि सञ्चालन गर्दा शिक्षकहरुमा समेत पुर्नताजकी आउने तथा स्फूर्ति आउने कुरा यस अध्ययनमा पाइएको छ । अतिरिक्त क्रियाकलाप मार्फत मनोरञ्जन लिने समेत केही शिक्षक पाइएकले उनीहरुमा यसबाट राम्रो वातावरण मिलेको कुरा प्रष्ट हुन आएको छ । विद्यार्थीका लागि कार्यक्रम आयोजना गरिए पनि शिक्षक आफै दत्त चित्त भएर लाग्नु पर्ने हुँदा उसको समेत शारीरिक, मानसिक एबम वौदिक विकास हुने कुरा अध्ययनबाट थाहा हुन आएको छ ।

### ४.३.३ अतिरिक्त क्रियाकलापले विद्यालय वातावरणमा पारेको प्रभाव

अतिरिक्त क्रियाकलापले विद्यालय एबम यसको वातावरणमा समेत राम्रो प्रभाव पारेको पाइएको छ । यस्ता कार्यक्रम आयोजना गर्दा हल्ला हुने, वातावरणमा ध्वनी प्रदूषण हुन सक्ने सम्भावना हुँदा हुँदै पनि समग्र वातावरण खेलमय र मनोरञ्जनपूर्ण हुने हुँदा यसको सकारात्मक सन्देश विद्यालयको वातावरण रहदै आएको कुरालाई यस अध्ययनको क्रममा समेत देखिन आएको छ । भट्ट हेर्दा वातावरण हल्ला खल्ला र उदण्ड किसिमको देखिए पनि यसको मुख्य लक्ष पठनपाठन कै एक अभिन्न अंगको रुपमा कक्षा कोठा भन्दा बाहिर रहर विद्यार्थीलाई शिक्षा प्रदान गर्न रहेकोले यसले कतै पनि विद्यालयको वातावरणमा नकारात्मक असर नगरेको अध्ययनको क्रममा पाइएको छ ।

## ४.४ अतिरिक्त क्रियाकलापमा देखा परेका समस्या

विद्यालय शिक्षामा महत्वपूर्ण अंगको रुपमा रहेको अतिरिक्त क्रियाकलाप सञ्चालन सम्बन्धि शिक्षा नियमावलीमा स्पष्ट व्यवस्था छ । विद्यालयमा यसको प्रभावकारी सञ्चालन गर्ने सन्दर्भमा केही जटिल समस्याहरु पाइएका छन् जसलाई उत्तरदाताहरुको भर पर्दो प्रतिक्रियाको आधारमा बुँदागत रुपमा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### ४.४.१ दक्ष र तालिम प्राप्त शिक्षकको अभाव तथा चुनौतीहरु

अतिरिक्त क्रियाकलापको क्षेत्र व्यापक छ । यस अन्तर्गत विद्यार्थीको बौद्धिक ज्ञान र धारणा बढाउने प्रकारका क्रियाकलापहरु जस्तैः मनोरन्जनात्मक कार्यक्रम, नेतृत्व विकास र सिप अभिवृद्धि कार्यक्रम त्यसैगरी सामाजिक सेवा तथा नैतिक आचरण, वातावरणीय ज्ञान, खेलक'द एवम् साँस्कृतिक कार्यक्रम अनि कलाको संरक्षण आदि ठूलो परिधि ढाकेर संचालन गर्नु पर्ने हुन्छ । त्यसका लागि दक्ष र तालिम प्राप्त शिक्षकको आवश्यकता पर्दछ । सामुदायिक विद्यालयमा अन्य विषयहरुकै शिक्षकहरुको दरबन्दी अभाव भै रहेको अवस्थामा अतिरिक्त क्रियाकलापका लागि छुट्टै शिक्षकको व्यवस्थापन गर्न सकिने स्थिति छैन । त्यसैले यी र यस्ता क्रियाकलापहरु संचालन गर्न सामुदायिक विद्यालयमा ठूलो चुनौति छ ।

### ४.४.२ खेल मैदानको अभाव

अतिरिक्त क्रियाकलापमा खेलकुद अन्तर्गका केही बाह्य खेलहरु जस्तैः कपर्दी, फूटबल, भलिबल, क्रिकेट, बासकेट बल र विभिन्न दौडहरुका लागि ठूलो खेलमैदानको आवश्यकता

पर्छ जसलाई सम्पन्न गर्न साँघुरो मैदानमा सम्भव हुँदैन । तसर्थ अधिकांश सामुदायिक विद्यालयहरु पर्याप्त मैदानको अभावमा नै खेलकुद जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सक्दैन । खेल मैदान कै सम्बन्धमा हिमाली आधारभूत विध्यालय लक्ष्मीपुरका अतिरिक्त क्रियाकलापका फोकल शिक्षक खड्ग कार्की भन्नु हुन्छ -" हामीसंग फराकिलो खेल मैदान छैन विध्यार्थीलाई फूटबल, भलिबल, क्रिकेट, दौड आदि क्रियाकलापमा कहाँ लाने ? विध्यार्थीको रूचि भएर पनि हामी त्यस्ता कार्यक्रममा खेल मैदान कै अभावमा पछि परेका छौं । "

### ४.४.३ आर्थिक स्रोतको अभाव र सामाग्रीहरुको अपर्याप्तता

कुनै पनि कार्यकमलाई प्रभावकारी ढंगमा सञ्चालन गर्न आर्थिक स्रोतको ठूलो भूमिका हुन्छ । यस्ता क्रियाकलाप सञ्चालन गर्दा कार्यक्रमको प्रकृति अनुसार भौतिक सामग्रीहरुको आवश्यकता पर्छ । मानवीय स्रोतहरु जुटाउनु पर्ने हुन्छ । खेलकुद, संगीत, विध्यबादन, नृत्य, चित्रकला, हस्तकला आदि अतिरिक्त क्रियाकलाप चलाउन ठूलै धनराशी चाहिन्छ । जुन सामुदायिक विद्यालयहरुले सहजै व्यवस्थापन गर्न सक्दैनन् । अझ सांस्कृतिक कार्यक्रम चलाउन चाहिने साउण्ड सिस्टमको सहज व्यवस्थापन हुन नसक्दा पनि सामुदायिक विद्यालयमा कार्यक्रमहरु सुचारु हुन सकेका छैनन् ।

### ४.४.४ अतिरिक्त क्रियाकलाप सञ्चालनको उत्सुक्तामा कमि

यो समस्या आउनुमा माथि उल्लेख गरिएका तीन वटा बुँदाहरु उत्तिकै जिम्मेवार छन् त्यसै गरी सामुदायिक विद्यालयका सरोकारवालाहरुमा विद्यालयको अतिरिक्त क्रियाकलापनै विद्यार्थीहरुमा अतिरिक्त व्यवसायी सिप र दक्षताको वृद्धि हुन्न भन्ने अवधारणाको अभाव छ । जसको कारण उनीहरु यसतर्फ चासो दिंदैनन् । अर्को तर्फ अतिरिक्त क्रियाकलापलाई मनोरञ्जन र समय व्यतित गर्ने माध्यमको रुपमा मात्र हेरिएको छ । ( भट्ट, २)६४) ले भने झै प्र.अ. एक्लैले योजना बनाउने, समन्वयको अभाव हुने अभिभावकहरुको चासो नहुने र शिक्षकहरुको सहभागिताको अभाव हुने कारणले पनि सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलापको खस्कदो अवस्था छ ।

अतिरिक्त क्रियाकलापप्रति विद्यार्थीको चासो कम भएको तथा उनीहरु यसप्रती त्यति धेरै उत्साहित हुन नसकेको कारण अतिरिक्त क्रियाकलाप सञ्चालनको एउटा समस्या कसरी हो

भन्ने कुरा बुझ्न यस विषयमा विद्यार्थीहरुलाई जिज्ञासा राख्दा उनीहरूले भनेको बेला खेल्न नपाइने, विद्यालायमा सामाग्री सिमित हुने माग्दा पनि नपाइने, एकपटक विग्रिए पनि महिनौ ति सामाग्री फेरी नपाइने कारण उनीहरुलाई त्यति धेरै यसप्रती चासो र लगन नभएको कुरा बुझ्नमा आयो ।

### ४.४.५ सम्बन्धित निकायको उदासिनता

अतिरिक्त क्रियाकलापलाई पाठ्यक्रमले जति महत्व दिएको छ, त्यो भावना र शैलीमा विद्यालयहरुमा सञ्चालन हुन सकिरहेको देखिदैन । माथिल्ला निकायहरुबाट यसको नियमन र अनुगमन भै रहेको पाइएन त्यसैले विद्यालयहरुमा हरेक हप्ता गर्न पर्ने अतिरिक्त क्रियाकलापहरु नियमित भै रहेका पाइएनन् । यस विषयमा भृकुटी माध्यामिक विद्यालय दुर्गापुरका प्रधानाध्यापक अंजना सिटौला भन्नु हुन्छ हामीले यस्ता कार्यक्रम आफै आफ्ना खुशीले सञ्चालन गर्ने हो । माथिल्लो निकाय खासमा यो क्रियाकलापसंग बेखबर हुन्छ । उनीहरूले कार्यक्रमको आयोजन गरे हामीले सहभागी हुने हो तर हामीले गर्दा कुनै किसिमको सहयोग हुदैन । यसैले कतिपय कार्यक्रम सञ्चालन गर्दा अवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्थापन गर्न मुस्किल हुन्छ ।

### ४.४.६ समयको व्यवस्थापन हुन नसक्नु

विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने खास समय शिक्षा नियमावली अनुसार प्रत्येक हप्ताको शुक्रबार १ बजेपछि भनिएको भए पनि व्यवहारमा यो हुन नसकेको देखिन्छ । धेरै विद्यालयहरुले कुनै वार्षिक कार्यक्रमलाई लक्षित गरेर विशेष समयमा मात्र त्यस्ता कार्यक्रम गर्ने गरेको देखिन्छ । गर्मी र वर्षायाममा अतिरिक्त क्रियाकलापहरु मौसमको कारणले विल्कुलै हुन नसकेका देखिन्छन् । यसरी समयको उचित व्यवस्थापन नहुनुले अतिरिक्त क्रियाकलापको सञ्चालनलाई असर परेको पाइन्छ ।

## ४.५ अतिरिक्त क्रियाकलाप सञ्चालनमा देखिएका समस्या समाधानका उपायहरु

समस्या भएका ठाउँमा त्यसको समाधान पनि रहेको हुन्छ । अतिरिक्त क्रियाकलाप पनि अन्य पठनपाठनका विषयहरु जस्तै पाठ्यक्रमको अभिन्न अंगको रुपमा विद्यालयमा नियमित बनाउनका लागि उत्तरदाताहरुको सकरात्मक प्रतिक्रियालाई मूल्यांकन गर्दै त्यसैको आधारमा समस्या समाधान गर्न बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.५.१ अतिरिक्त क्रियाकलापका लागि दक्ष र तालीमप्राप्त शिक्षकको व्यवस्था गर्ने

सामुदायिक सरकारी विद्यालय अनुदानबाट चल्ने विध्यालय भएकाले र यसमा अधिकांश विद्यार्थीहरु निम्न आर्थिकस्तर भएका परिवारबाट आउने भएकाले अतिरिक्त आर्थिक भार अभिभावकले वहन गर्न सक्दैनन् । त्यसकारण अहिलेका कार्यरत शिक्षकबाट नै अतिरिक्त क्रियाकलापमा चाख र रूचि भएका शिक्षकलाई विशेष तालिमको व्यवस्था गर्न सम्बन्धित निकायमा सहयोग माग गर्न सकिन्छ । यसबाट विद्यालयको पठनपाठन संगसंगै अतिरिक्त क्रियाकलाप पनि चलाउन सकिन्छ भने अभिभावकहरुबाट शुल्क लिइने हुनाले त्यही रकमलाई प्रयोग गरी दक्ष र निपूण शिक्षक नियुक्ति गर्नुपर्दछ र अतिरिक्त क्रियाकलाप वैज्ञानिक ढंगबाट सञ्चालन गर्नु पर्दछ ।

यसको सम्बन्धमा जीज्ञासा राख्दा कनकाई माध्यामिक विद्यालयका सहायक प्रधानाध्यापक कर्ण बहादुर डागी भन्नु हुन्छ - “जिल्लाबाट अतिरिक्त क्रियाकलापको लागी शिक्षकहरुलाई त्यस्तो कुनै विशेष तालीमको व्यवस्था छैन । हामीसंगै भएका मध्ये कुनै इच्छुक एबम सक्रिय शिक्षकलाई यसको जिम्मेवारी दिने एक किसिमको प्रचालन जस्तै बसिसकेको छ ।”

### ४.५.२ खेलमैदानको व्यवस्थापन गर्ने

प्रायजसो सामुदायिक विद्यालयमा यो समस्या त्यति नभए पनि कुनै कुनैमा यो समस्या पाउन सकिन्छ । यदि यस्तो समस्या हो भने अभिभावक, स्थानीय वुद्धिजिवी, शिक्षाप्रेमी, राजनीतिक दलका पदाधिकारी र सरोकारवाला निकाय मार्फत समाधान गर्ने पहल गर्न सकिन्छ ।

### ४.५.३ आर्थिक स्रोत र सामाग्रीको व्यवस्थापन गर्ने

सामुदायिक विद्यालयमा आर्थिक स्रोत र साधन जुटाउन समन्वय गर्नुपर्ने निकाय भनेर अभिभावक र बिभिन्न सरकारी एबम् गैर सरकारी संस्थाहरु हुन । विद्यालयलाई सहयोग गर्ने सहयोगी हातहरुको खोजी गर्नुपर्छ, यसमा मानिसको जन्म दिनमा, मृत्यु भएकाहरुको स्मृतिमा कोषहरु खडा गरी त्यसैबाट आउने व्याजबाट अक्षय कोष बनाई विद्यालयलाई आर्थिक सहयोग गर्न सक्दछन् । त्यस्तै सरकारी, गैरसरकारी संस्था, पूर्व विध्यार्थीहरुका संस्था, वैदेशिक रोजगारमा गएका विद्यार्थीहरुसंग समन्वय गरी आर्थिक संकलन गर्न समेत

सकिन्छ। यी र यस्ता संस्था मार्फत आएको आर्थिक सहयोगलाई राम्रो ढंगले परिचालन गर्न सकेको खण्डमा सामुदायिक विद्यालयहरुको आर्थिक समस्याहरु स्वतः हराएर जानेछन्।

### ४.५.४ अतिरिक क्रियाकलापको उत्सुकतामा अभिवृद्धि गर्ने

अध्ययनको सिद्धान्तले भने झैं काममा समन्वय र कार्यको वैज्ञानिक व्यवस्थापनले कार्यसम्पादन स्तरीय र प्रभावकारी हुन्छ। यस सन्दर्भलाई हेर्दा अतिरिक्त क्रियाकलापमा शिक्षक र विध्यार्थीको उत्सुकता बढाउन पनि विद्यालयमा सबैलाई जिम्मेवारी दिने, कार्यगर्ने वातावरण बनाउने र गरेको कार्यलाई उचित मूल्यांकन गर्ने गरेमा यसले उत्प्रेरणा वृद्धि गर्दछ। अतिरिक्त क्रियाकलाप मार्फत अतिरिक्त ज्ञान र सिपको विकास गरी जीवनलाई व्यावसायिक बनाउन सकिन्छ भन्ने स्पष्ट अवधारणा सबैमा आउनु पर्दछ।

### ४.५.५ कार्यन्वयन पक्षलाई प्रभावकारी बनाउने

नीतिगत रुपमा अतिरिक्त क्रियाकलापलाई पाठ्यक्रमले प्रष्ट बोलेको छ तर यसको कार्यन्वयन पक्ष थोरै व्यवस्थित हुन नसक्दा यसले जटिलता उत्पन्न गरेको छ। त्यसैले सामुदायिक विद्यालय विद्यालयमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलापह? के कसरी चलेका छन् त्यसको नियमन र अनुगमनलाई प्रभावकारी बनाउनपर्छ। क्षेत्रले सञ्चालन गर्ने, जिल्ला र स्रोतले सञ्चालन गर्ने क्रियाकलापहरुलाई समयमै सम्पन्न गर्नुपर्दछ। विद्यालयहरुको सभागिता कस्तो छ सो को लेखाजोखा गरी कम सहभागी विद्यालयमा के र कस्ता समस्या परेका हुन सो पहिचान गरी त्यसको समाधान गर्नु पर्दछ।

### ४.५.६ विद्यालय प्रशासन र व्यवस्थापनलाई अझ जिम्मेवार बनाउने

विद्यालय प्रशासन विद्यालयको सर्वोच्च निकाय हो जसको जिम्मेवारी विद्यालयको पठनपाठनको व्यवस्थापन लगायत विद्यालयको समग्र वातावरण सुदृढीकरण गर्नु रहेको हुन्छ। यसले प्रभावकारी भूमिका निर्वाहा गर्न नसक्दा समेत विद्यालयमा अतिरिक्त क्रियाकलाप जस्तो व्यवहारिक शिक्षाले पछाडि पर्न' पर्ने हुन्छ। त्यसैगरी विद्यालय व्यवस्थापन समितिले समेत यसमा भूमिका सकरात्मक रुपमा खेल्नु पर्ने हुन्छ किनभने विद्यालयको आर्थिक

व्यवस्थपन पक्ष यो निकायसंग जोडिएर आउने हुँदा विद्यालयले होस्टे र समितिले हैसे गरे विद्यालयमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलापले व्यवस्थित रुपमा गति लिन सक्छ ।

अतिरिक्त क्रियाकलाप सञ्चालनको समस्याका रुपमा देखापरेको विद्यालय प्रशासन र व्यव्स्थापनको उदासीनताका सम्बन्धमा कनकाई माध्यामिक विध्यालयका व्यवस्थापन समितिका अध्यक्ष जनार्दन उप्रेतीको भनाइ यस्तो पाइयो -

" खासमा विद्यालयमा प्रधानाध्यापक हुन्छन जसको जिम्मेवारी विद्यालय भित्र र बाहिर सञ्चालन गरिने हरेक शिक्षण सिकाई क्रियाकलापको व्यवस्थित रुपमा सञ्चालन गर्नु हो । व्यवस्थापन समिति पनि एउटा समन्वयकारी निकाय चै हो तर पूर्ण जिम्मेवार त हुन सक्दैन नि ! तर पनि यथार्थ चै के हो भने विद्यालय प्रशासन र व्यवस्थापन समितिले संयुक्त रुपमा यस्ता कार्यहरुलाई अगाडि बढाएर लैजादा विद्यार्थीको व्यावहारिक सिकाईमा सकारात्मक परिवर्तन भने पक्कै हुन्छ ।"

# परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु

यस अध्ययनको क्रममा प्राप्त भएका मुख्य प्राप्तिहरू, त्यसको निष्कर्ष र शोधको क्रममा देखिएका समस्या साथै विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापलाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्न यसको वर्तमान अवस्थामा गर्नुपर्ने सुधारका लागि केही सुझावहरु समेत यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष

यो अध्ययन सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलाप व्यस्थापनसंग सम्बन्धित छ । अध्ययनको क्रममा नमूना छनौटमा परेका विद्यालयहरुको स्थलगत अध्ययन गरी, विद्यालयका प्रधानाध्यापक, शिक्षक, विध्यार्थी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक आदिसंग परामर्श , छलफल, भेटघाट, तथा प्रश्नावलीको माध्यमबाट प्राप्त सूचनाको विश्लेषणको आधारमा उपलब्ध जानकारी र प्राप्तिलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

विश्व समुदायमा अतिरिक्त क्रियाकलापको अवस्था, क्षेत्रीय स्तरमा र विशेष नेपालमा यसको अवस्था र सञ्चालनको स्थिति हेर्दै यसलाई एउटा निश्चित क्षेत्र भित्र मात्र अध्ययनको लागि समेटिएको छ ।

अध्ययनको क्रममा नमुनाको रुपमा छानिएका विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरु मध्ये हाजिरिजवाफ, हिज्जे, खेलकूद, साहित्यिक कार्यक्रम, वक्तृत्वकला, चित्रकला, शारीरिक व्यायाम आदि धेरै हुने गरेका तर नृत्य, गायन, जु.रे.स., स्काउटिंग कम मात्रमा ह'ने गरेको पाइयो । ५०% विद्यालयहरुले अतिरिक्त क्रियाकलाप अन्तर्गत हाजिरीजवाफ, वत्तृत्वकला, फूलवारी निर्माण एवम् जु.रे.स.लाई सक्रिय बनाएको पाइयो भने बालक्लब र शारीरिक कवाज जस्ता कार्यक्रमहरु १००% विद्यालयले गराउने गरेको पाइयो ।

अतिरिक्त क्रियाकलाप व्यवस्थापनमा विद्यालयहरुको भूमिका सकरात्मक तथा समन्वयकारी रहेको पाइयो । विद्यालयहरुले अतिरिक्त क्रियाकलापलाई स्रोत केन्द्र स्तरिय, जिल्ला स्तरीय एवम् राष्ट्रपति खेलकूद प्रतियोगिता आयोजना गरी अतिरिक्त क्रियाकलापलाई व्यवस्थित

गर्न खोजिएको तथा विद्यालयभित्र अतिरिक्त क्रियाकलापलाई पठनपाठनको तालिका भित्र समेट्न खोजी सञ्चालन गरेको पाइयो ।

सामुदायिक विद्यालयहरुमा वैज्ञानिक ढंगले अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने क्रममा विद्यालय भित्र मादल, हार्मोनियम, भलिबल, सिटि, घडी, नृत्य ड्रेस, व्याट आदि अतिरिक्त क्रियाकलाप सामग्री अन्तर्गत रहेको पाइयो भने हार्मोनियम, क्यारम बोर्ड, सटपुट, नृत्य ड्रेस आदि अत्यन्त थोरै विद्यालयमा मात्र रहेको पाइयो भने फुटबल, भलिबल, सिटि घण्टी आदि प्राय : विद्यालयमा रहेको पाइयो । यसले के देखाउछ भने अझ पनि सामुदायिक विद्यालयहरुलाई अतिरिक्त क्रियाकलाप सामग्रीमा पर्याप्तताको आवश्यकता छ । यदि यी विद्यालयहरुमा सामग्री पर्याप्त गराउने हो भने अतिरिक्त क्रियाकलापले उद्देश्य पुरा गर्न सक्दछ ।

सामुदायिक विद्यालयहरुमा सबै भन्दा जटिल पक्ष भनेको आर्थिक स्रोतको व्यवस्थापन हो किनभने दाताहरुको पनि स्रोत साधनको अभावले सामुदायिक विद्यालयहरुमा आर्थिक पक्ष कमजोर हुन्छ । तर यहाँ आर्थिक स्रोत व्यवस्थापन गर्न विभिन्न संघ सस्थाहरुलाई गुहार्ने तथा चन्दा लिने, विद्यालय कोषको उपयोग गर्ने एवम् कतिपय विद्यालयहरुले थोरै शुल्क लिएर पनि गर्न सके अतिरिक्त क्रियाकलापको लागि यी विद्यालयमा आर्थिक स्रोत व्यवस्थित हुन सक्छ ।

अतिरिक्त क्रियाकलापलाई विद्यालयले वार्षिक कार्यक्रममा समावेस गरेको त पाइयो तर कार्यतालिका अनुसार यसको कार्यान्वयन भएको पाइएन । अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु केही मात्र सञ्चालन भएका पाइए तापनि यसको उद्देश्य परिपुर्ति हुने किसिमबाट भएको पाइएन । अतिरिक्त क्रियाकलापलाई विद्यालयले पाठ्यक्रमको प्रमुख अंगको रुपमा ग्रहण गर्न नसकेको तथा यसलाई हेर्ने दृष्टिकोण अतिरिक्त शब्द झैं रहेको भेटियो । यसकारण विद्यालयहरुमा यसले प्राथमिकता पाउन नसकेको देखियो ।

सामुदायिक विद्यालयमा अतिरिक्त क्रियाकलापको स्थिति समग्रमा सुधारउन्मुख पाइएको छ । कतिपय विद्यालयमा मानवीय, भौतिक र आर्थिक पक्षको समन्वय हुन नसक्दा असन्त'लन देखियो तथापि यसलाई व्यवस्थित गर्ने प्रयास पनि देखिए जस्तैः विद्यालयले आर्थिक स्रोत जुटाउन विद्यार्थीबाट सिमित शुल्क लिनु, अतिरिक्त क्रियाकलापको छुट्टै शिक्षक नभए पनि

फोकल शिक्षकको व्यवस्था गर्नु विद्यालयमा साप्ताहिक तथा वार्षिक रुपमै भए पनि विविध क्रियाकलाप सञ्चालन गर्नु अवका सामुदायिक विद्यालयका सकारात्मक पक्ष हुन ।

अध्ययनको क्रममा विद्यालयका कार्यक्रममा अभिभावकहरुको उपस्थिति रहने गरेको, शिक्षकहरुको उत्साहजनक सहभागिता रहने गरेको पाइनुले अबको पाठ्यक्रम पक्कै पनि विद्यार्थीको रुचि र क्षमताको आधारमा निर्माण हुने कुरा अनुमान गर्न सकिन्छ । त्यसै गरी अतिरिक्त क्रियाकलापले विद्यालयको वातावरणमा सकरात्मक प्रभाव पार्दै कार्यक्रम सञ्चालनको कममा देखिएका समस्याहरुलाई समन्वयात्मक ढंगले समाधान गर्ने गरेको साथै विद्यालयका कार्यक्रममा विभिन्न संघसंस्थाहरुले सहयोग गरेको आदि पाइनुले अब अतिरिक्त क्रियाकलाप विद्यार्थीहरुको सर्वोपरि विकासको निम्ति अति आवश्यक पक्ष हो भन्ने कुरा निष्कर्षमा भन्न सकिन्छ ।

## ५.२ सुझावहरु

तथ्यांक विश्लेषण तथा प्रस्तुतीकरण पश्चात् प्राप्त भएका परिणाम र यसबाट आएको निष्कर्षको आधारमा तथा नमूना क्षेत्रमा रहेका स्रोतव्यक्ति, विद्यालय निरीक्षक, प्रधानाध्यापक, शिक्षक, अभिभावक, समितिका पदाधिकारी आदिबाट आएका सुझावहरुको समेत आधारमा सामुदायिक विद्यालयहरुमा अतरिक्त क्रियाकलापहरुको थप प्रभावकारी व्यवस्थापन गर्न निम्न अनुसारका सुझावहरु प्रस्तुत गरिएका छन् ।

### ५.२.१ नीतिगत तह

अतिरिक्त क्रियाकलापलाई शिक्षाको अभिन्न अंगको रुपमा विकास गर्नको लागि नितिगत क्षेत्रबाट योजना तर्जुमा गर्नु पर्ने आवश्यकता देखिन्छ किनभने नीति बनाउने क्षेत्रबाट यसलाई ध्यान पुऱ्याउन सकेको खण्डमा यसले अबको प्राविधिक शिक्षालाई समेत ठूलो सहयोग पुऱ्याउने कुरामा दुईमत छैन । नीतिगत तह अन्तर्गतका शिक्षा मन्त्रालय, शिक्षा विभाग, जिल्ला शिक्षा कार्यलय, स्रोत केन्द्र तथा विद्यालय व्यवस्थापन समितिले अतिरिक्त क्रियाकलाप विकासको क्षेत्रमा स्पष्ट नीति निर्माण गर्नुपर्छ । पाठ्यक्रम विकास केन्द्रले यसको छुट्टै  पाठ्यक्रम निर्माण गरी पठन पाठनको व्यवस्थ गर्न सके दक्ष जनशक्ति विकासकै निम्ति टेवा पुग्छ । विद्यालयले अतिरिक्त क्रियाकलापका लागि छुट्टै शिक्षकको व्यवस्था गर्ने निति लीनु पर्दछ भने पाठ्यक्रम विकास केन्द्रले निर्दिष्ठ पाठ्यक्रम बनाई

विद्यालय स्तर देखि नै अतिरिक्त क्रियाकलापका विभिन्न पक्षलाई समेट्नु पर्छ जसले गर्दा तल्लो स्तरमा कार्यान्वयन गर्न सजिलो हुन्छ ।

विद्यालयले अतिरिक्त क्रियाकलापमा सहभागी वृद्धि गर्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक र समिति बीच समन्वय गर्न सक्नु पर्दछ । अतिरिक्त क्रियाकलापको उद्देश्य तथा महत्व वारे जनचेतना जागृत गर्ने खालका नीति ल्याउनु पर्दछ । स्रोतकेन्द्र, जिल्ला शिक्षा कार्यलयबाट अतिरिक्त क्रियाकलाप सम्बन्धी दक्षता वृद्धि गर्नका निम्ति शिक्षकहरुलाई तालिमको व्यवस्था गर्नु पर्दछ । अतिरिक्त क्रियाकलापमा उत्कृष्ट हुने विद्यार्थीहरुलाई स्रोतकेन्द्र तथा जि.शि.का.बाट पुरस्कारको व्यवस्था गरी त्यस्ता विद्यालयहरुलाई सम्मानित गर्ने किसिमका कार्यक्रममा ल्याउनु पर्दछ ।

## ५.२.२ कार्यान्वयन तह

विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापका लागि आवश्यक जनशक्ति, भौतिक सामग्री र आर्थिक स्रोत व्यवस्थापनको अभाव रहेको पाइएकोले उपलब्ध साधन र स्रोत अधिकतम उपयोग गरी अन्य आवश्यक स्रोत जुटाउनका लागि सरोकारवालाहरुसंग समन्वय गरिनु पर्दछ । विद्यालयले पनि अतिरिक्त क्रियाकलापमा उत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कार र प्रमाणपत्रको व्यवस्था गर्नुपर्छ । खेल सामग्री र खेल मैदानको अभाव भएका विद्यालयहरुले नजिकमा उपलब्ध हुनसक्ने खेलमैदान प्रयोग गर्न सकिन्छ । आवश्यक सामग्रीको तत्कालीन व्यवस्थापनका लागि समुदायमा सहयोग माग्न सकिन्छ ।

अतिरिक्त क्रियाकलापका माध्यमबाट बालबालिकाहरुमा सामाजिक सिपको समेत विकास हुने भएकोले सबै विद्यालयहरुले स्काउट, जूनियर रेडक्रस, बालक्लब जस्ता समूह गठन गरी सञ्चालन ल्याउन सकिन्छ । त्यसका लागि सबै सरोकारवाला पक्षहरुसंग छलफल, भेटघाट, बिचार आदानप्रदान आदि दोहोरो संचार सम्बन्ध स्थापना गर्नुपर्छ विद्यालयले अतिरिक्त क्रियाकलापका लागि छुट्टै शिक्षकको व्यवस्था गर्नुपर्छ र यसो हुनसकेमा विद्यालयको मौजुदा शिक्षकह?बाट नै अतिरिक्त क्रियाकलापहरुप्रति रूचि र दक्षता भएको व्यक्तिलाई जिम्मेवारी दिनुपर्दछ । यस्ता शिक्षकलाई पेशागत दक्षता र सिप बढाउने खालका अवसरहरु दिनु पर्दछ ।

## ५.२.३ अनुसन्धान तह

अतिरिक्त क्रियाकलापको लागि विद्यालयहरुबीच यदाकदा प्रतिष्पर्धात्मक क्रियाकलापहरु भए पनि अनुभव आदानप्रदानका दृष्टिकोणले यस्ता कार्यक्रमहरु हुन सकिरहेका छैनन् । अतः सामुदायिक विद्यालयहरु बीच के कसरी यस्ता कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ भनेर यस्ता विभिन्न पक्षको अध्ययन गर्न उपयुक्त हुन्छ । यसबाट एक अर्काका राम्रा र सकारात्मक पक्षहरु अबलम्बन गरी सुधारात्मक दिशा तर्फ अग्रसर हुन सहयोग पुग्दछ । अतिरिक्त क्रियाकलाप शैक्षणिक पठनपाठनको अभिन्न अंग भएकोले यसको क्षेत्र वृहत छ । निश्चित समस्या र उद्देश्य लिएर गरिएको हुनाले यो अध्ययन पर्याप्त नहुन सक्छ । त्यसैले यस विषयसंग सम्बन्धित अन्य विविध पक्षलाई समेटर फेरि पनि अर्को अध्ययन गर्न सकिन्छ । आगामी अध्ययनहरुमा विद्यालयको अतिरिक्त क्रियाकलाप सम्बन्धि निम्न पक्षहरुको अनुसन्धान गर्न सकिन्छ ।

क) अतिरिक्त क्रियाकलापको क्षेत्रमा संस्थागत र सामुदायिक विद्यलयहरु बीच अनुभव आदानप्रदानको आवश्याकता ।

ख) सामुदायिक विद्यलयमा अतिरिक्त क्रियाकलाप शिक्षकको व्यस्थापन ।

ग) अतिरिक्त क्रियाकलाप व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका ।

घ) विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापमा छात्रा सहभागिता ।

ङ) सामुदायिक विद्यालयको अतिरिक्त क्रियाकलाप सञ्चालनमा आर्थिक स्रोतको व्यवस्थापन ।

# सन्दर्भ सामग्री


अधिकारी, तोयानाथ, (२०६७), *शैक्षिणिक विधि,* विराटनगर : श्यामपुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रसाद, (२०६६), *माध्यमिक शिक्षक दिग्दर्शन,* भोटाहिटी, काठमाडौं : आशीष बुक्स हाउस ।

काफ्ले, वासुदेव, (२०६१), *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* काठमाण्डौंः विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ चन्द्रबहादुर (२०६२), *शैक्षिक व्यवस्थपन र संगठनात्मक व्यवहार* : काठमाडौं विद्यापुस्तक भण्डार ।

खतिवडा, दिलिप, *(२०७३), अतिरिक्त क्रियाकलाप व्यवस्थापनमा सामुदायिक र संस्थागत विद्यालयको अवस्था* (अप्रकाशित स्नाकोत्तर सोधपत्र), पि.बि., विराटनगर ।

घिमिरे सुदर्शन, *कक्षामा ताजा कुरा,* शैक्षिक लेख, शिक्षक मासिक २०६९, (असार अंक) ।

जोशी, मदनराज, (२०६७), *संस्थागत र सामुदायिक माध्यमिक विद्यालयमा अतिरिक्त क्रियाकलापको व्यवस्थापन* (अप्रकाशित स्नातकोत्तर सोधपत्र), त्रि.वि., कीर्तिपुर ।

डाँगी, कर्णबहादुर, (२०६९), *शिक्षक तालिमको प्रभावकारिता* (अप्रकाशित स्नातकोत्तर सोधपत्र), सुकुना बहुमुखि क्याम्पस, मोरङ्ग ।

ढकाल, हेमराज, (२०५८), *नेपालको शैक्षिक प्रशासन, सुपरिवेक्षण र व्यवस्थापन* : काठमाडौं, रत्न पुस्तक भण्डार ।

ढुङ्गाना, विष्णुप्रसाद, (२०६३), *सार्वजनिक तथा निजी माध्यमिक विद्यालयका छात्र र छात्राहरुको कक्षाकोठा तथा अतिरिक्त क्रियाकलापमा सहभागिता तुलनात्मक अध्ययन* ( अप्रकाशित एम.एड.शोधपत्र,) त्रि.वि., कीर्तिपुर ।

पाठ्यक्रम विकास केन्द्र, (२०६१), *अतिरिक्त क्रियाकलाप निर्देशिका,* शिक्षा विभाग काठमाडौं।

विष्ट, उद्धव, (२०६७), *विद्यालय सञ्चालन अबको चिन्तन* जि.शि.का. (झापा) ।

भट्ट, कमल सिंह, (२०६४), *सार्वजनिक तथा निजी प्राथमिक विद्यालयमा हुने अतिरिक्त क्रियाकलापको अवस्था,* अप्रकाशित स्नाकोत्तर शोधपत्र, त्रि.वि.वि.शिक्षा शास्त्र संकाय, काठमाडौँः।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनः (२०४९), राष्ट्रिय शिक्षा आयोग, केशरमहल, काठमाडौँ ।

शर्मा, चिरन्जीवि र शर्मा, निर्मला, (२०६४), *शिक्षा मनोविज्ञान,* काठमाडौँ: एम.के.पब्लिकेसन

*अतिरिक्त क्रियाकलाप स्रोत पुस्तिका,* (२०६०), शिक्षा विभाग सानोठिमी, भक्तपुर ।

*शिक्षा ऐन संशोधन सहित,* (२०२८), तथा *शिक्षा नियमावली संशोधन सहित* (२०५९), *कानुन किताब व्यवस्था समिति,* काठमाडौँ ।

सेरिड, (२०६१), *नेपालका प्राथमिक विद्यालयमा सहक्रियाकलाप तथा अतिरिक्त क्रियाकलापको वर्तमान अवस्था, समस्या तथा भविष्य, फरमेटिभ अनुसन्धान,*

किर्तिपुर: लेखक ।

college.usatoday.com

htps://www.wes.org

https://www.theeducator.com

https://www.winterschoolfinder.com

shodhganga.nflibnet.ac.in

ww.pakistane-ducation.info

deepjyotischool.com.np

www.crid.org

**अतिरिक्त क्रियाकलापले शिक्षण सिकाइमा ल्याएको परिवर्तन**

अनुसुचि १

प्रध्यानाध्यापकका लागि प्रश्नावली

१. तपाईको नाम के हो ?

..........................................................................

२. तपाईको विद्यालयमा अतिरिक्त कियाकलाप विभाग छ कि छैन ?

..........................................................................

३. कुन-कुन कियाकलाप अतिरिक्त कियाकलापको रुपमा तपाईको विद्यालयमा सञ्चालन हुन्छन् ?

..........................................................................

४. अतिरिक्त कियाकलापको लागि आर्थीक स्रोत के हो ?

..........................................................................

५. अतिरिक्त कियाकलाप सञ्चालनमा विद्यार्थी तथा अभिभावकको चासो कस्तो छ ?

..........................................................................

६. कुन-कुन दिन अतिरिक्त कियाकलाप सञ्चालन गर्नुहुन्छ ?

..........................................................................

७. सरकारी सहयोग छ कि छैन ?

..........................................................................

८. यस कार्यको सञ्चालनमा देखिएका समस्या के-के हुन् ?

..........................................................................

९. समस्याहरु समाधानको तपाईको धारणा के छ ?

..........................................................................

१०. अतिरिक्त क्रियाकलापले शिक्षण सिकाइ परिवर्तनमा कस्तो परिवर्तन ल्याएको छ ?

..........................................................................

सहयोगको लागि धन्यवाद

## अतिरिक्त क्रियाकलापले शिक्षण सिकाइमा ल्याएको परिवर्तन

अनुसुचि - २

विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि अन्तर्वाता प्रश्नाली

क) तपाईको नाम बताइदिनु होस् न ।

....................................................................

ख) तपाई यो विद्यालयका व्यवस्थापन समितिको अध्यक्ष हुनु भएको कति भयो ?

............................................................................

ग) तपाई दैनिक विद्यालय आउनु हुन्छ ?

...........................................................................

घ) तपाईको विद्यालयमा शुक्रबार के-के कार्यक्रम हुने गर्दछन् ?

.................................................................................

ङ) के तपाई विद्यालयमा हुने अतिरिक्त कियाकलापमा सहभागी हुनुहुन्छ ?

...................................................................................................

च) कुन-कुन कार्यक्रममा भाग लिनु भएको छ ?

......................................................................................................

छ) विद्यालयको व्यवस्थापन समीतिको अध्यक्षको नाताले बैठकमा अतिरिक्त कियाकलाप व्यवस्थापन सम्बन्धि छलफल गर्नु हुन्छ ?

..................................................................................................

ज) तपाईले पाउन भएका समस्याहरु के-के हुन् ?

.................................................................

झ) उक्त समस्या समाधानमा को जिम्मेवार रहनु पर्दछ ?

.......................................................................................

ञ) आगामी दिनमा अतिरिक्त कियाकलापलाई कसरी सञ्चालन गर्नु हुन्छ ?

...........................................................................................

सहयोगको लागि धन्यवाद

## अतिरिक्त क्रियाकलापले शिक्षण सिकाइमा ल्याएको परिवर्तन

अनुसुचि ३

फोकल शिक्षकको लागि प्रयोग गरिने अन्तर्वाता प्रश्नावली

१.तपाईको शुभनाम के हो ?

.............................................................

२. तपाईले कहिलेदेखि अतिरिक्त कियाकलापको फोकल शिक्षकको रुपमा काम गर्दै हुनुहुन्छ ?

..................................................................................................................

३. तपाईको विद्यालयमा अतिरिक्त कियाकलापहरु कसरी सञ्चालन गर्दै हुनुहुन्छ ?

| अतिरिक्त क्रियाकलाप | दिनदिनै | हप्तामा १ पटक | महिनामा १-२ पटक | वर्षमा १-२ पटक | संचालन गरिदैंन |
|---|---|---|---|---|---|
| शारीरिक व्यायाम र कवाज | | | | | |
| निबन्ध | | | | | |
| कविता | | | | | |
| वक्तृत्वकला | | | | | |
| वादविवाद | | | | | |
| हाजिरीजवाफ | | | | | |
| भित्तेपात्रो प्रकाशन | | | | | |
| लोकगीत/नृत्य | | | | | |
| शास्त्रीय गायन | | | | | |
| नाटक/अभिनय | | | | | |
| कक्षागत गीत/राष्ट्रिय गान | | | | | |
| वृक्षरोपण/फूलबारी निर्माण | | | | | |
| हस्तकला | | | | | |
| चित्रकला | | | | | |
| स्काउट | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| जु.रे.स. | | | | | |
| एथलेटीक्स | | | | | |
| भलिबल | | | | | |
| टेनिसबल | | | | | |
| कपर्दी | | | | | |
| व्याडमिनटन | | | | | |
| शैक्षिक भ्रमण | | | | | |
| पुस्तकालय प्रयोग | | | | | |
| सडक सरसफाई | | | | | |
| मन्दिर सरसफाई | | | | | |

४. तपाईलाई विद्यालयका प्र.अ./ले सहज रुपमा सहयोग गर्नुहुन्छ ?

.....................................................................................

५. विद्यालयमा अतिरिक्त कियाकलाप सञ्चालनमा आउने समस्याहरु के-के हुन् ?

....................................................................................

६.तपाईको विद्यालयमा सञ्चालन गरिने अतिरिक्त कियाकलाप के-के हुन् ? कस्ता समानता र भिन्नता पाइन्छन् ?

..................................................................................

७. अतिरिक्त कियाकलापको सहज सञ्चालन गर्ने उपायहरु के-के हुन् ?

..................................................................................

८. के अतिरिक्त कियाकलापले विद्यालयको दैनिक शैक्षणिक कियाकलापकालाई सघाउ पुऱ्याउछ त ? वा असर गर्छ ?

..................................................................................

९.अतिरिक्त क्रियाकलापले शिक्षण सिकाइ परिवर्तनमा कस्तो परिवर्तन ल्याएको छ ?

.................................................................................

सहयोगको लागि धन्यवाद

**अतिरिक्त क्रियाकलापले शिक्षण सिकाइमा ल्याएको परिवर्तन**

अनुसुचि ४

स्रोत व्यक्तिको लागि प्रयोग गरिएको प्रश्नावली (२०७४)

नामः-                                                            कार्यलयः- जि.शि.का. (झापा)

पदः- स्रोतव्यक्ति

कृपया, तलका प्रश्नहरुको जवाफ दिई सहयोग पुऱ्याइदिनुहोला ।

स्रोतकेन्द्रको नाम र ठेगानाः-                                      स्रोतव्यक्तिको नाम

१) विद्यालयमा प्र.अ/ प्राचार्यद्धारा लगवुकको कार्यान्वयनको अवस्था कस्तो पाउनुभएको छ ?

उत्तम ☐ मध्यम ☐ निम्न ☐

२) तपाईको स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुमा अतिरिक्त कियाकलाप संचालनको अवस्था कस्तो छ ?

उत्तम ☐ मध्यम ☐ निम्न ☐

३) स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुमा शुक्रबार १ बजे पश्चात अनिवार्य अतिरिक्त कियाकलाप संचालन हुने गरेको छ ?

छ ☐ छैन ☐

४) विद्यालयको सुपरिवेक्षण गर्न तपाईले कस्तो वार्षिक योजना बनाउनु भएको छ ?

उत्तरः-...................................................................................................

५) स्रोतकेन्द्रका विद्यालयहरु बिचमा कस्ता-कस्ता प्रकारका प्रतियोगितात्मक कार्यक्रमहरु संचालनको व्यवस्था गर्नु भएको छ ?

उत्तरः-...................................................................................................

६) अतिरिक्त क्रियाकलापले शिक्षण सिकाइ परिवर्तनमा कस्तो परिवर्तन ल्याएको छ ?

उत्तरः-...................................................................................................

सहयोगको लागि धन्यवाद

**अतिरिक्त क्रियाकलापले शिक्षण सिकाइमा ल्याएको परिवर्तन**

अनुसुचि ५

अभिभावकको लागि अन्तर्वाता प्रश्नावली (२०७४)

कृपया, तलका प्रश्नहरुको जवाफ दिई सहयोग पुऱ्याइदिनु होला ।

नाम :- मिति :- ठेगाना

१) तपाईका कति जना छोराछोरीहरु यो विद्यालयमा पढ्छन् ?

उत्तर :-

२) के तपाईका छोराछोरीहरु विद्यालयको अतिरिक्त कियाकलापमा भाग लिनेगरेका छन् ?

छन् ☐ थाहा छैन ☐ छैनन् ☐

३) तपाईको विचारमा विद्यालयमा पठनपाठन मात्र गरिनुपर्छ कि अतिरिक्त कियाकलाप पनि सञ्चालन गर्नु पर्छ ?

अध्ययनमात्र ☐ अध्ययनको अलावा अतिरिक्त कियाकलाप पनि ☐

४) तपाईको छोराछोरी पढ्ने विद्यालयमा अतिरिक्त कियाकलापको सञचालनको अवस्था कस्तो छ ?

उच्च ☐ मध्यम ☐ निम्न ☐

५) विद्यालयमा सञ्चालन हुने अतिरिक्त कियाकलापमा तपाईलाई विद्यालयले निमन्त्रण गर्ने गरेको छ/छैन ?

छ ☐ छैन ☐

६) तपाईको विचारमा नीजि र सार्वजनिक विद्यालयमाा हुने अतिरिक्त कियाकलापमा के कस्ता अन्तर पाउनु हुन्छ ?

७) विद्यालयमा अतिरिक्त कियाकलापमा सञ्चालन गर्न के कस्ता समस्या रहेका छन् ?

उत्तर :-.............................................................................................

८) अतिरिक्त कियाकलाप सञ्चालनका समस्या समाधान गर्ने उपायहरु के-के हुन सक्छन् ?

उत्तर :-.............................................................................................

सहयोगको लागि धन्यवाद

**अतिरिक्त क्रियाकलापले शिक्षण सिकाइमा ल्याएको परिवर्तन**

अनुसुचि ६

विद्यार्थीका लागि प्रश्नावली (२०७४)

कृपया, तलका प्रश्नहरुको जवाफ दिई सहयोग पुऱ्याइदिनुहोला ।

नामः-                                                  विद्यालयको नामः-

ठेगानाः-                                               कक्षाः-

१) तपाईलाई विद्यालयमा अतिरिक्त कियाकलाप सञचालन भएको राम्रो लाग्छ ?

राम्रो लाग्छ ☐                                    राम्रो लाग्दैन ☐

२) यदि राम्रो लाग्छ भने मन पराउनुको  कारणहरु के-के हुन ?

उत्तर :-.......................................................................

३) यदि राम्रो लाग्दैन भने मन नपराउनुको कारणहरु के-के हुन् ?

उत्तर :-.......................................................................

४) तपाईको विद्यालयमा खेलकुद तथा संगीत सामग्रीहरु छन् ?

छन ☐                                              छैनन् ☐

५) तपाईलाई अतिरिक्त कियाकलाप गराउन छुट्टै शिक्षक हुनुहुन्छ ?

उत्तर :-.......................................................................

६) अतिरिक्त कियाकलाप सञ्चालन भएको अवस्थामा शिक्षकहरुको पनि सहभागिता हुन्छ ?

हुन्छ ☐                                            हुँदैन ☐

७) तपाइको विद्यालयमा अतिरिक्त कियाकलाप सञ्चालनमा आइपरेका समस्याहरु के-के हुन् ?

उत्तर :-.........................................................................

८) अतिरिक्त कियाकलाप सञ्चालनमा देखापरेका समस्या समाधानका लागि विद्यालयले के-के गर्नुपर्ला ?

उत्तर :-.........................................................................

सहयोगको लागि धन्यवाद

**अतिरिक्त क्रियाकलापले शिक्षण सिकाइमा ल्याएको परिवर्तन**

अनुसूचि ७

नमुना विद्यालय र उत्तरदाताको नामावली

| विद्यालय | प्र.अ | वि.व्य.स.अध्यक्ष | फोकल शिक्षक |
|---|---|---|---|
| श्री कनकाई मा.वि.क.न.पा.-३ | श्री निर्मल कुमार खतिवडा | श्री जनार्धन उप्रेती | श्री कोपिकृष्ण भट्टराई |
| श्री भृकुटी मा.वि.क.न.पा.-७ | श्री अञ्जना सिटौला | श्री बालकृष्ण सिटौला | श्री कुमार खरेल |
| श्री सरस्वती मा.वि. क.न.पा.-२ | श्री डम्बर बहादूर राउत | श्री विष्णु ओली | श्री सूर्य अधिकारी |
| श्री जनचेतना आधारभूत क.न.पा.-४ | श्री होम कुमारी | श्री मञ्जु नेपाल | श्री कृष्ण गौतम र टेकमान विष्ट |
| श्री हिमाली आधारभूत क.न.पा.-९ | श्री केशव ओभा | श्री पदम बहादुर कटुवाल | श्री खड्क राज कार्की |
| श्री सिंह देवी आधारभूत क.न.पा.-४ | श्री डम्बर फूयाल | श्री राजेन्द्र डांगी | श्री विरेन्द्र ओली |

अतिरिक्त क्रियाकलाप संयोजक (जि.शि.का.) : श्री उद्धव विष्ट

स्रोत व्यक्ति (दुर्गापुर स्रोतकेन्द्र) : श्री मेदनी पाठक

**अतिरिक्त क्रियाकलापले शिक्षण सिकाइमा ल्याएको परिवर्तन**

अनुसुचि ८

अतिरिक्त क्रियाकलाप संचालन प्रक्रिया

| क.सं. | कार्यक्रम | निरन्तर | कहिले काहि | कहिले नहुने |
|---|---|---|---|---|
| १ | हाजिरि जवाफ | ३(५०%) | ३(५०%) | - |
| २ | नृत्य | - | ६(१००%) | - |
| ३ | खेलकुद | - | ६(१००%) | - |
| ४ | नाटक | - | - | - |
| ५ | वतृत्वकला | ३(५०%) | ३(५०%) | - |
| ६ | हिज्जे प्रतियोगिता | - | ५(८३%) | १(१६%) |
| ७ | साहित्यिक कार्यक्रम | ५(८३%) | १(१६%) | - |
| ८ | चित्रकला | ४(६६%) | २(३३%) | - |
| ९ | शैक्षिक भ्रमण | - | ६(१००%) | - |
| १० | फूलबारी निर्माण | ३(५०%) | ३(५०%) | - |
| ११ | जु.रे.स. | ३(५०%) | ३(५०%) | - |
| १२ | स्काउटिङ | १(१६%) | २(३३%) | ३(५०%) |
| १३ | बालक्लव | ६(१००%) | - | - |
| १४ | शारीरिक कवाज | ६(१००%) | - | - |

## अतिरिक्त क्रियाकलापले शिक्षण सिकाइमा ल्याएको परिवर्तन

अनुसूचि - ९

अतिरिक्त क्रियाकलाप सञ्चालन प्रक्रिया

| क.सं. | विद्यालयको नाम | विद्यालयको किसिम | संचालित कार्यक्रम | सञ्चालन प्रक्रिया |
|---|---|---|---|---|
| १ | श्री कनकाई माध्यमिक विद्यालय क.न.पा.-३ | सामुदायिक | हाजिरिजवाफ | विद्यालयमा भएका अन्तर सदन र अन्तर कक्षा हाजिरीजवाफ प्रतियोगिता सञ्चालन रूचिपूर्ण ढंगबाट गरिएको, हाजिरीजवाफ प्रतियोगिताका नियम पालना गरी उत्कृष्ट सदन र कक्षालाई पुरस्कृत गरिएको पाइयो । |
| २ | श्री भृकुटी माध्यामिक विद्यालय क.न.पा.-७ | सामुदायिक | सांस्कृतिक कार्यक्रम | गायन र नृत्यमा प्रतियोगितात्मक र प्रदर्शनात्मक गरी दुई भागमा सञ्चालन गरिएको, गायन तर्फ ट्रयाक र बाजा गरी दुबै किसिमका गीतहरु समावेस गरिएको,<br>नृत्यमा भने क्यासेटबाट मात्र गीत बजाई नृत्य गर्ने र गराइने गरेको पाइयो । |
| ३ | सरस्वती माध्यमिक विद्यालय क.न.पा. -२ | सामुदायिक | भलिबल प्रतियोगिता | सदनात्मक टीम निर्माण गरी दुई टीम बीचमा प्रतियोगिता सचालन गरिएको, २५ अंकको एकल गणना र कोचको निर्देशन अनुसार खेल खेलाइएको,<br>वेस्ट अफ थ्रीमा खेल खेलाएर विजेता टीमलाई पुरस्कृत गरीएको पाइयो । |

| | | | | |
|---|---|---|---|---|
| ४ | जनचेतना आधारभूत क.न.पा - ४ | सामुदायिक | निबन्ध लेखन प्रतियोगिता | पहिलो चरणमा कक्षा ५ देखि ८ सम्माका विद्यार्थीहरुको नामावली संकलन गरिएको,<br>छानिएका विद्यार्थीहरुलाई निश्चित स्थानमा लगी एउटा शीर्षकमा निश्चित समय तोकि निबन्ध लेखन लगाइएको,<br>लेखिएका निबन्ध संकलन गरी उत्कृष्टलाई पुरस्कार प्रदान गरिएको पाइयो । |
| ५ | हिमाली आधारभूत विद्यालय क.न.पा - ८ | सामुदायिक | कविता वाचन प्रतियोगिता | सदन अनुसार चार समुहमा विभाजन गरिएको,<br>संकलित कविताको निर्णय गर्न अलग-अलग निर्णय कर्ता शिक्षकहरुको व्यवस्था गरिएको,<br>उत्कृष्ट विजेता सदनलाई पुरस्कारको व्यवस्था गरिएको थियो । |
| ६ | सिंहदेवि आधारभूत विद्यालय क.न.पा - ४ | सामुदायिक विद्यालय | हाजिरी जवाफ प्रतियोगिता | सदन अनुसार चार वटा सदन निर्माण गरिएको,<br>सुरुवात राउण्ड, आडियो राउण्ड, मिश्रित राउण्ड, गरी अलग अलग समुहमा विभाजन गरी व्यवस्थित र रोचक ढंगले प्रस्तुत गरिएको,<br>प्रश्न सोध्ने, समय हेर्ने, अंक लेख्ने, निर्णय दिने आदि सबै कुराको व्यवस्था मिलाएको र उत्कृष्ट सदनलाई पुरस्कार प्रदान गरिएको थीयो । |

स्रोतः स्थलगत अध्ययन, २०७३

## अतिरिक्त क्रियाकलापले शिक्षण सिकाइमा ल्याएको परिवर्तन

अनुसूचि-१०

अतिरिक्त क्रियाकलाप संचालन अवधि

| विद्यालय | सामूदायिक मा.वि. | | | | | सामूदायिक आधारभूत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संचालन अवधि | दिनदिनै | हप्तामा १-२ पटक | महिनामा १-२ पटक | वर्षमा १-२ पटक | गरिदैंन | दिनदिनै | हप्तामा १-२ पटक | महिनामा १-२ पटक | वर्षमा १-२ पटक | गरिदैन |
| क्रियाकलापहरु | | | | | | | | | | |
| शरीरिक व्यायाम र कवाज | १ (३३%) | २ (६६%) | - | - | - | ३ (१००%) | - | - | - | - |
| निबन्ध | - | - | - | ३ (१००%) | - | - | - | १ (३३%) | २ (६६%) | - |
| कविता | - | - | ३ (१००%) | - | - | - | - | - | ३ (१००) | - |
| वक्तृत्वकला | - | - | - | ३ (१००%) | - | - | - | २ (६६%) | १ (३३%) | - |
| वादविवाद | - | - | १ | २ | - | - | - | - | ३ | - |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | (३३%) | (६६%) | | | | | (१००%) | |
| हाजिरी जवाफ | - | - | ३ (१००%) | - | - | - | - | ३ (१००) | - | - |
| भित्तेपात्रो प्रकाशन | - | - | - | ३ (१०० %) | - | - | - | - | १ (३३ %) | २ (६६%) |
| लोकगीत | - | - | ३ (१००%) | - | - | - | - | ३ (१००%) | - | - |
| लोकनृत्य | - | - | ३ (१००%) | - | - | - | - | ३ (१००%) | - | - |
| शास्त्रीय नृत्य | - | - | - | - | ३ (१०० %) | - | - | - | १ (३३ %) | २ (६६%) |
| अभिनय | - | - | - | - | ३ (१०० %) | - | - | - | - | ३ (१००) |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| करेसाबारी | - | - | - | ३ (१०० %) | - | - | - | - | - | ३ (१००) |
| कक्षागत राष्ट्रिय गान | ३ (१०० ) | - | - | - | - | ३ (१०० %) | - | - | - | ३ (१००) |
| स्काउटिङ | - | - | २ (६६%) | १ (३३%) | - | - | - | - | - | ३ (१००) |
| जु.रे.स. | - | - | - | २ (६६%) | - | - | - | - | - | ३ (१००) |

स्रोतः स्थलगत अध्ययन, २०७३

## अतिरिक्त क्रियाकलापले शिक्षण सिकाइमा ल्याएको परिवर्तन

अनुसुचि-११

अतिरिक्त क्रियाकलाप संचालन प्रक्रियाको अवलोकन फारम

| क.स. | विद्यालयको नाम | विद्यालयको किसिम | संचालित कार्यक्रमहरु | संचालन प्रक्रिया |
|---|---|---|---|---|
| | | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

स्रोतः स्थलगत अध्ययन, २०७३

## अनुसुचि-१२

### नमुना विद्यालय र उत्तरदाताहरुको नामावली

| विद्यालय | प्र.अ. | वि.व्य.स. अध्यक्ष | फोकल शिक्षक |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

स्रोतः स्थलगत अध्ययन, २०७३

## अतिरिक्त क्रियाकलापले शिक्षण सिकाइमा ल्याएको परिवर्तन

अनुसुचि १३

अतिरिक्त क्रियाकलाप संचालन विधि

| क.सं. | सञ्चालन विधि | हुने विद्यालय | नहुने विद्यालय |
|---|---|---|---|
| १ | छुट्टै शिक्षकको व्यवस्था | - | ६(१००%) |
| २ | कार्यतालिका निमार्ण | ३(५०%) | ३(५०%) |
| ३ | शिक्षक सहभागिता | ६(१००%) | - |
| ४ | विद्यार्थी सहभागिता | १५(७२.५%) | ९(३७.५%) |
| ५ | वि.व्य.स. सहभागिता | ३(५०%) | ३(५०%) |
| ६ | बैठक बस्ने गरेको | ४(६६%) | २(३३%) |
| ७ | सदन विभाजन गरेको | ६(१००%) | - |
| ८ | फोकल शिक्षक भएको | ६(१००%) | - |
| ९ | अभिभावकको सहभागिता भएको | २(३३%) | ४(६६%) |

# विषय सूची


| शीर्षक | पृष्ठ संख्या |
|---|---|
| सिफारिस पत्र | |
| स्वीकृति पत्र | |
| कृतज्ञता ज्ञापन | |
| शोधसार | |
| विषय सूची | |
| तालिका सूची | |
| **परिच्छेद एक : परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको औचित्य | ६ |
| १.४ अध्ययनका उद्देश्यहरु | ७ |
| १.५ अनुसन्धनात्मक प्रश्नहरु | ७ |
| १.६ अध्ययनको परिसीमा | ८ |
| १.७ सम्बन्धित शब्दावलीहरुको परिभाषा | ९ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** | |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १० |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | १६ |
| २.३ अध्ययनको पुनरावलोकनको उपादेयता | १७ |
| **परिच्छेद तीन : अध्ययन विधि** | |
| ३.१ अनुसन्धानको ढाँचा | २० |
| ३.२ जनसंख्या र नमूनाको आकार | २० |
| ३.३ सुचना संकलनका साधनहरु | २१ |

३.३.१ प्रश्नावली २१

३.३.२ सवेक्षण फाराम २१

३.३.४ अन्तवार्ता प्रश्नावली २२

३.४ सुचनाका स्रोतहरु २२

३.५ सुचना संकलन प्रक्रिया २२

३.६ तथ्यांक विश्लेषण प्रक्रिया २३

**परिच्छेद चार : नतिजाको विश्लेषण**

४.१ विद्यालयमा सञ्चालन हुने अतिरिक्त क्रियाकलापहरुको वर्तमान अवस्था २४

४.१.१ अतिरिक्त क्रियाकलाप सञ्चालन अवधि २६

४.१.२ अतिरिक्त क्रियाकलाप सञ्चालन विधि २७

४.१.३ अतिरिक्त क्रियाकलाप सञ्चालनले शिक्षण सिकाइमा गरेको सहयोग २८

४.२ अतिरिक्त क्रियाकलापका लागि उपलब्ध सुविधाहरु २९

(क) अतिरिक्त क्रियाकलापमा अभिभावक तथा सरोकारवाला सहयोग २९

(ख) विध्यालयमा उपलब्ध अतिरिक्त क्रियाकलाप सामाग्रीहरु ३०

(ग) अतिरिक्त क्रियाकलापमा आर्थिक स्रोतको व्यवस्थापन ३१

(घ) अतिरिक्त क्रियाकलाप प्रतियोगितामा विद्यालयको सहभागिता ३१

४.३ अतिरिक्त क्रियाकलाप सञ्चालनले विद्यालय विद्याथी, शिक्षक र वातावरणमा पारेको प्रभाव ३२

४.३.१ अतिरिक्त क्रियाकलापले विद्यार्थीमा पारेको प्रभाव ३३

४.३.२ अतिरिक्त क्रियाकलापले शिक्षकमा पारेको प्रभाव ३३

४.३.३ अतिरिक्त क्रियाकलापले विद्यालय वातावरणमा पारेको प्रभाव ३४

४.४ अतिरिक्त क्रियाकलापमा देखा परेका समस्याहरु ३४

४.४.१ दक्ष र तालीम प्राप्त शिक्षकको अभाव तथा चुनौतीहरु ३४

४.४.२ खेल मैदानको अभाव ३४

४.४.३ आर्थिक स्रोतको अभाव र सामाग्रीहरुको अपर्याप्तता ३५

४.४.४ अतिरिक्त क्रियाकलापको सञ्चालनमा उत्सुकताको कमी ३५

४.४.५ सम्बन्धित निकायको उदासीनता ३६

४.४.६ समयको व्यवस्थापन हुन नसक्नु ३६

४.४ अतिरिक्त क्रियाकलाप सञ्चालनमा देखिएका समस्या समाधानका उपायहरू ३६

४.४.१ अतिरिक्त क्रियाकलापका लागि दक्ष र तालीमप्राप्त शिक्षकको व्यवस्था गर्ने ३७

४.४.२ खेल मैदानको व्यवस्थापन गर्ने ३७

४.४.३ आर्थिक स्रोत र सामाग्रीको व्यवस्थापन गर्ने ३७

४.४.४ अतिरिक्त क्रियाकलापको उत्सुकतामा अभिवृद्धि गर्ने ३८

४.४.५ कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउने ३८

४.३.६ विद्यालय प्रशासन र व्यवस्थापनलाई अझ जिम्मेवारी बनाउने ३८

**परिच्छेद पाँच  निष्कर्ष र सुझावहरु**

५.१ निष्कर्ष ४०

५.२ सुझावहरु ४२

५.२.१  नीतिगत तह ४२

५.२.२ कार्यान्वयन तह ४३

५.२.३ अनुसन्धान तह ४४

**सन्दर्भ सूची**

**अनुसूचीहरु**